**मजदुर विज्ञापन शाखा**

**नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५**

**विज्ञापनको लागि सूचना**

**सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने** gmail id: majdurdaily@gmail.com **उक्त** gmail id change **भई नयाँ** gmail id **र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा** viber **वा दिइएको** gmail id **मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।**

**भाइबर नं. : ९७४४४२४४६५**

Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

*The Worker Daily* दैनिक

Website : www.onlinemajdoor.com





**विज्ञापनको निम्ति सम्पर्क**

**फोन नं ६६१९१०७ ६६२०५५९**



★ वर्ष : २८ ★ अङ्क : ११२ ★ ने. सं. ११४६ बछला गा, त्रयोदशी/चतुर्दशी ★ शुक्रबार ★ १ जेठ, २०८३ ★ May 15, 2026, Friday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८




क्युवाको राजधानी हवानास्थित होसे मार्टि अन्तर्राष्ट्रिय विमानस्थलको खुला क्षेत्रमा छिमेकी मित्रराष्ट्र ग्वाटेमालाबाट फर्किएका क्युवाली चिकित्सकहरू मे १४, २०२६ का दिन । संरा अमेरिकाको दबाबमा १९९८ बाट ग्वाटेमालाको ग्रामीण जिल्लाहरूमा सेवा पुऱ्याउँदै आएका क्युवाली चिकित्सकहरूलाई ग्वाटेमाला सरकारले क्रमशः निष्काशन गरेको स्वीकार गरेको छ ।

*तस्बिर : एल इन्डेपेन्डेन्स/टेलिसुर*

## जाँचबुझ आयोगमा सरोकारवालाहरूको बयानको सार सङ्क्षेप – १४

**प्रहरी वृत्त कालिमाटीका प्रहरी निरीक्षक विजयराज तिमल्सिना**

भदौ २३ गतेको दिन म सिंहदरबार दक्षिण गेट अगाडि पिकेट ड्युटीको रूपमा खटिएको थिएँ । भदौ २४ गते बिहान अन्दाजी ८:०० बजेको समयमा का.म.न.पा वडा नं. १४ कलङ्की चोकमा केही आन्दोलनकारीहरूले टायर बाली प्रदर्शन गर्न लागेको भनी प्रहरी कन्ट्रोल रुमबाट सञ्चार सेटमा जानकारी प्राप्त हुन आयो । बिहान ९:०० बजेपछि प्रदर्शनकारीहरू बढ्दै गई ५०००/७००० सङ्ख्या पुगेको थियो । भीड उग्र बन्दै प्रहरीलाई आक्रमण सुरु गरेका हुन् । प्रहरीले २३ गते बानेश्वरमा गोली हानी मारेको हो, यिनीहरूलाई पनि मार्नुपर्छ, जिउँदै आगो लगाउनुपर्छ भन्दै प्रदर्शनकारीहरू घरेलु हतियारसमेत बोकी आएका थिए । प्रहरी कन्ट्रोल रुम भद्रकालीबाट सञ्चार सेटमा धेरै बल प्रयोग नगर्ने, लाइभ राउन्ड गोली नहान्ने, थप मानवीय क्षति हुन नदिन संयम भई कार्य गर्ने निर्देशन भयो ।

अराजक भीडले प्रहरी प्रभाग कलङ्कीको भवनमा प्रहरी कर्मचारीहरूलाई भित्रै थुनी बाहिरबाट आगजनी गरेका हुन् । प्रहरी कर्मचारीहरू जिउँदै जल्ने अवस्था आएपश्चात् प्रहरीले अश्रुग्यास तथा लाठीचार्ज गरेको हो । कलङ्कीमा रहेको नापी कार्यालय र मालपोत कार्यालयमा समेत आगजनी गरेका हुन् । उक्त समयमा कलङ्कीमा १० हजार बढीको सङ्ख्यामा प्रदर्शनकारीहरू आएका थिए । उनीहरूले घरेलु हातहतियार, पेट्रोल बम बोकेका थिए । कलङ्की चोकमा रहेको सशस्त्र प्रहरी बल चुपचाप बसी गाडीबाट समेत ननिस्किएर आफ्नो बेसतर्फ भागेपछि हामीहरू बिस्तारै कालिमाटी वृत्तको सुरक्षाको लागि फर्केका हौँ । कालिमाटी प्रहरी वृत्त अगाडि पुग्दा कार्यालय गेट

***बाँकी पृष्ठ ८ मा***

## राजनैतिक दलहरू के हुन् ?

राजनीति सबै नीतिको राजा भन्ने कथन छ । प्राचीन कालमा राजा महाराजाहरूका सल्लाहकार, निर्देशक र गुरूहरू चाणक्य, विदुर, द्रोणाचार्य, पुरोहितहरू हुन्थे । त्यसबेलाका विश्वविद्यालय नै गुरूकुलहरू थिए । यसकारण, राजनैतिक दलहरूले नै देशको शासन चलाउने हुँदा राजनैतिक दलहरू पनि सानो वा ठुला राजनैतिक विश्वविद्यालय हुन् । ती विश्वविद्यालयहरूले आफ्ना शिष्यहरूलाई राजनीतिशास्त्र, अर्थशास्त्र वा देश र समयअनुसारका आवश्यक राजनीतिमा दीक्षित गर्थे ।

तर, निर्वाचनको बेला शासक राजनैतिक दलहरू चुनावमा विजयको निम्ति राम्रा-नराम्रा, न्याय, अन्याय, आचारसंहिता नाघेर करोडौं, अर्बौं रकम खर्च गर्ने, पदको व्यापार र ठेक्का वा अन्य अनुचित आर्थिक लाभको आश्वासन दिएर शासन व्यवस्थालाई अपराध गर्ने प्रमाणपत्रको रूपमा दुरूपयोग गरे तथा गर्दै छन् । यसकारण, देशका जिम्मेवार सम्झेका बुद्धिजीवी, प्राध्यापक एवम् सचेत नागरिकहरूले खुला हृदय वा मन र मस्तिष्कले 'ठीक' वा 'बेठीक' भन्नुपर्ने स्थिति छ । नत्र, शासक दलहरूले नै देशलाई अराजकतातिर लाने सम्भावना प्रचुर मात्रामा देखिँदै छ । समयमै खबरदारी गर्नु सबै नागरिक तथा सङ्घ संस्थाहरूको कर्तव्य हो ।

राजनैतिक दलहरू एक न एक वर्ग आधार र राजनैतिक दर्शनको प्रेरणा पाएर नेपाल र नेपाली समाजलाई एक आदर्श समाजमा रूपान्तरण गर्ने उद्देश्य लिएर प्राज्ञिक क्षेत्रमा उत्रेका हुन् । आफूलाई राजतन्त्रवादी वा राजावादीहरूले देशको राजनैतिक डबलीमा राजा वा सम्राटको उपस्थितिले देशमा शक्ति र सुरक्षा सुनिश्चित हुने, अरु देशको तुलनामा देशलाई आर्थिक समृद्धिमा लैजाने तथा २१ औं शताब्दीमा नेपाली जनतालाई प्रतिस्पर्धी बनाउन सक्ने विषयमा कार्यक्रमहरू प्रस्तुत गर्न आवश्यक छ । 'राम राज्य' को कल्पना गर्नेहरूले एक जना धोबीको आलोचनाले त्यो समाजसमेत विवादरहित नभएकोबारे छलफल चलाउन तयार रहनुपर्नेछ ।

गणतन्त्र भन्नेहरूले पनि 'समाजवादी गणतन्त्र' वा 'पुँजीवादी गणतन्त्र' भनी किटानका साथ प्रस्ट पार्नु उपयुक्त हुन्छ । निर्वाचनको एक हप्ता पनि समय नदिएर शासक दलहरूले 'निर्वाचन घोषणापत्र' सार्वजनिक गर्नु स्वयम् गम्भीर दोष देखिन्छ । सूचनाको हकको सम्भावना यथेष्ठ भएको समयमा र सूचनाका स्रोतहरू पनि मनग्य भएको बेलामा शासक दलहरू किन आ-आफ्नो गठबन्धनले यसबारे भूमिगत ढङ्गले निर्वाचन गतिविधि गर्न बाध्य भएका हुन् ? जनतालाई जानकारी खोज्ने अधिकार छ ।

निर्वाचनको अर्थ नागरिकहरूलाई जनसभा, प्रदर्शन, अन्तरक्रिया, बैठकहरूमार्फत आ-आफ्नो भावी कार्यक्रम र कुनै दलको एकल बहुमत प्राप्त गर्न नसक्ने अवस्थामा कुन कुन दलसँग 'गठबन्धन' गर्ने हो प्रस्ट घोषणा गर्नु आवश्यक थियो । पारदर्शिताको एउटा अर्थ यही हो । कुनै राजनैतिक दलले अपराधी वा देशलाई भड्खालोमा पार्न सक्ने शक्तिसँग सरकार बनाउने सम्भावना भएमा त्यसलाई असफल पार्न जनतालाई आह्वान गरी देशलाई त्यस दुर्घटनाबाट जोगाउने अवसर दिनैपर्छ, नत्र गठबन्धनको आजको शैली षड्यन्त्र वा षड्यन्त्रमूलक साबित हुनेछ ।

निर्वाचनको ऐन- नियम र आचारसंहिता उल्लङ्घन गरेका हरेक गतिविधि गैरकानुनी र अमान्य हुनुपर्ने थियो । तर, यस कार्यमा निर्वाचन आयोग सक्रिय र सजग देखिएन । ठुला शासक दलहरूलाई आवश्यक बहुमत नदिनु नै जनताले ती दलहरूलाई सरकारमा ल्याउन अख्तियार गरेको ठहरिन्छ । यसको अर्को उदाहरण नयाँ नयाँ दलहरूले जिल्ला जिल्लाबाट बढी मत प्राप्त गर्नु पनि ठुला दलहरूलाई अख्तियार गर्नु र हाँक दिनु हो ।

यस कुरालाई ध्यान नदिई ठुला शासक दलहरूको गठबन्धनमा जानु स्वयम् स्वतन्त्र निर्वाचन र ठुला शासक दलहरूलाई जनताबाट अस्वीकार सूचक मत जाहेरीप्रति ध्यान नदिनु पनि राजनैतिक संस्कृतिको उपहास हो । यसबाट सबै दलको परिचय खुल्दै जानेछ ।

*२६ पुस २०७९ (10 January 2023)*


**भक्तपुर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

ब्यासी-२, भक्तपुर

**आधारभूत कम्प्युटर तालिमसम्बन्धी सूचना**

भक्तपुर नगरपालिकाद्वारा सञ्चालन गरिने आधारभूत कम्प्युटर तालिमका लागि नाम दर्ता गराएका आवेदकहरूलाई निम्न मिति, समय र स्थानमा तालिम सञ्चालन हुने भएकोले सम्पूर्ण आवेदकहरू सहभागी भइदिनुहुन अनुरोध छ ।

**मिति** : २०८३ जेठ १ गते, शुक्रबार

**समय** : बिहान ७:३० बजेदेखि/**स्थान** : ख्वप बहुप्राविधिक अध्ययन संस्थान, कमलविनायक र बासु मा.वि., कालीघाट

**समय** : साँझ ५:३० बजेदेखि/**स्थान** : बागीश्वरी मा.वि., च्याम्हासिंह



**भक्तपुर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

ब्यासी-२, भक्तपुर

**उपस्थितिको लागि अनुरोध**

नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्ष श्री नारायणमान बिजुक्छेँ (रोहित) ज्यूको प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकाको आयोजनामा २०८२ सालमा भक्तपुर जिल्लाबाट विभिन्न खेल प्रतियोगितामा सहभागी भई पदक प्राप्त गर्नुभएका वर्षका उत्कृष्ट पुरूष तथा महिला खेलाडीहरूलाई बधाई तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा पदक प्राप्त गर्न सफल खेलाडी, रेफ्री र निर्णायक तथा प्रशिक्षक प्रशिक्षणमा उत्तीर्ण प्रशिक्षकहरूलाई सम्मान कार्यक्रम निम्न मिति, समय र स्थानमा हुने भएकोले सम्पूर्ण खेलाडी, रेफ्री, प्रशिक्षक, टीम-क्लव, पुस्तकालय, सङ्घ-संस्था र खेलप्रेमी महानुभावहरूलाई उपस्थितिको लागि अनुरोध गरिन्छ ।

**कार्यक्रम**:

**मिति** : २०८३ जेठ ६ गते, बुधबार

**समय** : दिनको २:०० बजे

**स्थान**: ख्वप इन्जिनियरिङ कलेज, लिबाली

# भक्तपुर नगरपालिका वडा नं. २ मा स्वास्थ्य शिविर



भक्तपुर, ३१ वैशाख । भक्तपुर नगरपालिका वडा नं. २ को आयोजनामा नसर्ने रोगहरू (मधुमेह, उच्च रक्तचाप, पिसाब र बी.एम.आई.) को परीक्षण एवं स्वास्थ्य शिविर बिहीबार सम्पन्न भयो ।

सो अवसरमा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले भक्तपुर नगरपालिकाले जनताको स्वास्थ्यलाई ध्यानमा राखी समय समयमा विभिन्न रोगहरूको शिविर सञ्चालन गर्दै आइरहेको चर्चा गर्नुभयो । उहाँले आजभोलि दीर्घ रोगबाट सङ्क्रमितहरू धेरै बढ्नु परिवार र समाजकै लागि नकारात्मक असर पर्ने भएकोले जनता स्वास्थ्यप्रति सचेत र सजग हुनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

उहाँले नसर्ने रोगहरूको पहिचान समयमै गर्न सके उपचारमा सहज हुने उल्लेख गर्दै स्वास्थ्य नै धन भएकोले स्वास्थ्यप्रति सचेतना कार्यक्रमहरू निरन्तर आवश्यक रहेको चर्चा गर्नुभयो ।

भनपा २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले वडाले गर्दै आइरहेको विकास निर्माणका कामहरूबारे जनतालाई जानकारी दिइरहेको बताउनुभयो ।

उक्त कार्यक्रममा श्यामसुन्दर मातां, सरोज दथेपुथे, मञ्जुमैंया लाखा र वडा नर्स विनिता प्रजापतिले नसर्ने रोगबारे जानकारी दिनुभएको थियो ।

उक्त शिविरमा १८१ जना स्थानीयहरूले स्वास्थ्य परीक्षण गराउनुभएको थियो ।

# संरक्षणको पर्खाइमा चार सय वर्ष पुरानो चट्टान अभिलेख

भक्तपुर, ३१ वैशाख । विश्वमै दुर्लभ मानिएको नेपालकै पहिलो र ४०० वर्ष पुरानो लिच्छवीकालीन चट्टान अभिलेख यतिखेर संरक्षणको पर्खाइमा रहेको छ ।

चाँगुनारायण नगरपालिका-९ ताथलीस्थित हललगाउँ र गाउँको भीरपाखा एवं खेतको डिलमा यत्रतत्र रहेको अवस्थामा फरकफरक १५ वटा ऐतिहासिक चट्टान अभिलेखको २०६७ पुसमा अन्वेषर्णकर्ता, संस्कृतिविद् एवं इतिहासविद् डा. पुरुषोत्तमलोचन श्रेष्ठले पत्ता लगाउनुभएको हो ।

उहाँले भन्नुभयो, ''वर्षौं पहिलेदेखि हलल गाउँमा छरपष्ट रहेका ठुलाठुला ढुङ्गा, देवताका रूपमा पुजिँदै आएको बासुकी ढुङ्गा र छरपष्ट रहेको अन्य चट्टानहरूमा कुँदिएका अभिलेख, अहिलेसम्म प्रचारमा नआएका नवपाषाणकालीन उपकरण, गुफा, ओडार, गढी, प्रकृति उत्पन्न स्वप्नेश्वर महादेवको शिवलिङ्ग, गणेश ढुङ्गा भेटिए उचित संरक्षण अभाव खड्किएको छ, यो देशकै सम्पत्ति हो, यसको संरक्षणमा राज्यले ध्यान दिनुपर्छ ।''

नेपाल सम्वत् ७४५ देखि ८३५ सम्मका चट्टान अभिलेखको महत्त्व थाहा पाएपछि हलल गाउँको आइतबारे सामुदायिक वनभित्र परापूर्वकालदेखि यत्रतत्र छरिएर रहेकाले यसको दिगो संरक्षण गर्नुपर्ने स्थानीयले माग गर्दै आएका छन् । यहाँ नेपाल सम्बत् ७४५ को अभिलेख सूचीको ने.सं ८३५ को भूपतिन्द्र मल्लको १५ वटा चट्टान अभिलेख रहेका छन् । यहाँ भेटिएका चट्टानमा भक्तपुरका पूर्वराजा जगज्योति मल्ल, जितामित्र मल्ल, भूपतिन्द्र मल्ल, कान्तिपुरका राजा कविन्द्र प्रताप मल्लको समेत अभिलेख रहेका इतिहासविद् डा. श्रेष्ठ बताउनहुन्छ ।

ठुलो ढुङ्गाको शीर्ष भागमा कुँदिएको जितामित्र मल्लको पालामा यज्ञ गर्नका लागि ढुङ्गाको व्यवस्था गरिएको भन्ने पनि अभिलेखमा उल्लेख उहाँ बताउनुहुन्छ । यहाँको बासुकी ढुङ्गामा रहेको नेपाल सम्बत् ७७८ को अभिलेखमा प्रताप मल्लले चाँगुनारायण मन्दिरका लागि गरुडनारायण, सिंह र हात्तीलगायतका जनावरहरूको प्रतीक बनाउनका लागि ढुङ्गाको व्यवस्था गरिएको र त्यसलाई बिगारेमा पञ्च महापाप लागोस् भन्नेसमेत कुद्न लगाइएको छ ।

चट्टान अभिलेखमा भक्तपुरका तत्कालीन राजा जगज्योति मल्लको नेपाल सम्बत् ७४५ देखि भूपतिन्द्र मल्लको शासनकालसम्मका घटना, चित्र, विभिन्न सङ्केतहरू कुँदिएका छन् । यसअघि नेपालमा शिलालेख, ताडपत्र, भोजपत्र, कनकपत्र र रजतपत्रमा लेखिएका इतिहास रहेको छ । ठुलो ढुङ्गामा कुँदिएका अभिलेखमा नेपाल सम्वत् ८३५ मा भूपतिन्द्र मल्लले आफ्ना पिताको सम्झनामा ढुङ्गाको मन्दिर निर्माण गर्न ढुङ्गा लगिएको अभिलेखमा उल्लेख गरिएको छ । यहाँ प्रथम गणाध्यक्ष पशुपति सदाशिव महादेवको शम्भूलिङ्ग, प्राकृतिक गणेशको ढुङ्गा पहाडको खोँचमा रहेको छ भने विसं १८५२ को शिलालेख पनि रहेको छ ।

यहाँ रहेका चट्टानको ठुलो ढुङ्गामा जगज्योति मल्लको सबैभन्दा पुरानो अभिलेखका साथै अन्य छ वटा अभिलेख र चित्रहरू पाइएका छन् भने बासुकी ढुङ्गामा भक्तपुरका राजा जितामित्र मल्ल र कान्तिपुरका राजा प्रताप मल्लका मल्लकालीन आठवटा अभिलेख र दुईवटा सङ्केतात्मक चित्रहरूसमेत रहेका छन् ।

पुरातत्व विभाग स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय भक्तपुरले समेत तत्कालीन समयमै नेपालको इतिहासका पहिलो चट्टान अभिलेख रहेको पुष्टी गरे पनि अझै यसको उचित संरक्षण हुन भने सकेको छैन । चट्टान अभिलेखको संस्कृतिविद् श्रेष्ठले नेपाल उपत्यकाभित्रका कलात्मक ढुङ्गाका मन्दिर, पाटी, ढुङ्धारा, ठुलाठुला सिंह, घोडा आदि बनाउन यस क्षेत्रबाट ढुङ्गा लाने गरेकोसमेत यहाँ रहेका अभिलेखबाट पत्ता लागेको बताउनुभयो ।

यहाँ रहेका ठुलो ढुङ्गामा कुँदिएका साँढे जुधाइले नेपाल उपत्यकामा मल्लकालीन समयमा साँढे जुधाइ प्रतियोगिताको प्रचलन रहिआएको प्रष्ट हुने उहाँ बताउनुहुन्छ । करिब छ फिट लम्बाइ र दुई फिट चौडाइसम्मका ती अभिलेखमा सिंह, साँढे जुधाई, हात्ती र घोडाको चित्रका साथै नेपाल भाषाका लिपिमा लेखिएका अक्षरसमेत कोरिएका छन् ।

भक्तपुरका मल्ल राजा जितामित्रले पनि नेपाल सम्बत् ८३१ मा केही चट्टानमा अभिलेख कुँद्न लगाएको पाइएको छ । भक्तपुर नगरपालिका क्षेत्रमा रहेको बत्सला मन्दिर बनाउन त्यहाँको ढुङ्गा आफूले प्रयोग गर्ने लेखिएको छ । त्यस्तै भूपतिन्द्र मल्लले आफ्ना बुबाको कामलाई निरन्तरता दिन ढुङ्गामा अभिलेख कुँदाएको पाइएको छ । पशुपतिका पुजारी भट्टको समेत यहाँ अभिलेख रहेको उहाँले जानकारी दिनुभयो ।

दुर्लभ चट्टान अभिलेख स्थानीय बासिन्दाले नदेखेको भने होइन तर चट्टानको विषयमा कहिल्यै नसुनेको कारण तत्कालीन समयमा उक्त अभिलेखहरू देउताको अक्षर वाणी भनी धार्मिक आस्थाले पुज्दै आइरहेका र अहिले त्यसको उचित संरक्षण आवश्यक रहेको स्थानीय राजेन्द्र थापा बताउनुहुन्छ ।

विश्वमा नै अत्यन्त दुर्लभ मानिने चट्टान अभिलेखबारे सन् १८८० मा भारतका अध्येता भगवान्लाल इन्द्रजीले पहिलोपटक नेपालमा अध्ययन गरेको पाइएको छ । त्यसको १३० वर्षपछि नेपालमा चट्टान अभिलेख भेटिए पनि यसको संरक्षण नुहुनु चिन्ताको विषय बनेको डा. श्रेष्ठ बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, ''यो चट्टान अभिलेख ताथलीको, भक्तपुरको मात्र नभई सिंगो नेपालको राष्ट्रिय सम्पत्ति हो, यो विश्वको सारा मानव जातिको साझा सम्पदा हो, अपशोच हामीले पत्ता लगाएको १६ वर्ष बितिसक्दा पनि पुरातत्व विभागले तार-बार लाउने बाहेक संरक्षणको कुनै पहल गरेको छैन । यसको संरक्षणको दायित्व पुरातत्व विभागको हो ।''

विगतको अवस्था सम्झँदै उहाँ भन्नुहुन्छ, ''मैले विद्यार्थीहरूलाई संस्कृति विषय पढाउने क्रममा अभिलेखको विषयमा पढाउँदै थिएँ, त्यही क्रममा ताथलीबाट आउने मेरा विद्यार्थी मुना केसी र किशोर श्रेष्ठले आफ्नो घर नजिकै पनि ढुङ्गामा लेखिएको अभिलेख रहेको बताएपछि म त्यहाँ गएँ'', श्रेष्ठ भन्नुहुन्छ । ती चट्टानमा काठमाडौंका राजा प्रताप मल्ल, भक्तपुरका जगतज्योति मल्ल, जितामित्र मल्ल, भूपतिन्द्र मल्ललगायत पशुपतिका भट्टको समेत अभिलेख कुँदिएको आफूले पाएको उहाँको भनाइ छ ।

उहाँले स्थानीय जनता यसको पहरेदारको रूपमा रहेको भन्दै उहाँले चट्टान अभिलेखदेखि ताथली गढीसम्मलाई संरक्षण गर्दै विश्वका अनुसन्धान र अध्ययनका लागि आउने केन्द्रको रूपमा विकास गर्न सकिने बताउनुभयो । यसलाई धार्मिक, शैक्षिक र ऐतिहासिक पयटकीय क्षेत्रको रूपमा विकास गर्न आवश्यक रहेको बताउँदै उहाँले यो तत्कालीन समयमा उपत्यकाका महत्त्वपूर्ण प्रस्तर मूर्तिहरू निर्माणका लागि ढुङ्गा लैजाने यही ठाउँ रहेको र यसका लागि भक्तपुर र काठमाडौंका राजाहरूबिच तँछाडमछाड हुने गरेको तथ्य पाइएको बताउनुभयो ।

नेपाल मण्डलका प्रस्तर मूर्ति निर्माणका लागि चाँगुनारायणको डाँडादेखि ताथलीको चट्टान अभिलेख रहेको क्षेत्रसम्मका ढुङ्गाहरू लैजाने इतिहास पाइएको भन्दै यहाँका ढुङ्गा आफैँमा महत्त्वपूर्ण रहेको उहाँ बताउनुहुन्छ । यहाँका अभिलेखमा मल्लकालीन राजा र पुजारीहरूले मन्दिर, धारा र कलात्मक वस्तुको निर्माणका लागि ढुङ्गा लिन गएको विवरण उल्लेख गरेको छ । ती क्षेत्रमा उत्खनन् गर्नसके अन्य विविध जानकारीयुक्त अभिलेख समेत फेला पर्न सक्ने इतिहासविद् डा. श्रेष्ठ बताउनहुन्छ । ताथलीमा ढुङ्गाको नवपाषाण युगको अभिलेखले इसापूर्व आठ हजार वर्षअगाडि नै काठमाडौं उपत्यकामा मानव बस्ती भएको सङ्केत गरेको छ ।

खुला आकासमुनि खुला सङ्ग्रहालयको रूपमा रहेको यस अभिलेखलाई संरक्षण र सम्वर्द्धन गर्नु तथा चट्टानमा कुँदिएका अक्षर र चित्रको थप अनुसन्धान र संरक्षणको आवश्यक रहेको बताउँदै बजेट अभावमा आफ्नो पालामा तार-बार लगाएर घेर्ने कामसम्म गरेको पुरातत्व विभाग दरबार हेरचाह कार्यालयकी तत्कालीन प्रमुख अरुणा नकर्मी बताउनुहुन्छ ।

# स्तनपानसम्बन्धी सरोकारवाला निकायहरूलाई अभिमुखीकरण



भक्तपुर, ३१ वैशाख । भक्तपुर नगरपालिका र जनस्वास्थ्य कार्यालय भक्तपुरको संयुक्त आयोजनामा 'आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन' लगायत स्तनपानसम्बन्धी सरोकारवाला निकायहरूलाई अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सरकारको ऐन कानुनको इमानदारीपूर्वक पालना भए धेरै समस्याहरूको समाधान हुने स्पष्ट पार्दै फाइदाको लागि जे पनि गर्न तयार हुने व्यापारीहरूले गर्दा जनस्वास्थ्यमा नकारात्मक असर पुऱ्याउनेतर्फ सबै सचेत हुनु जरुरी रहेको बताउनुभयो ।

आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु बिक्री र वितरणको सन्दर्भमा बिक्रीकर्ता र उपभोगकर्ताहरू सबै सचेत हुनुपर्ने उल्लेख गर्दै आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुलाई विकल्पको रूपमा मात्र प्रयोग गर्नुपर्ने बताउनुभयो । आमाको दूध शिशुको लागि अमृतसरह हुने बताउँदै उहाँले शिशुहरूलाई सकेसम्म आमाको दूध नै खुवाउनुपर्ने विषयमा सचेत पार्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा जिल्ला जनस्वास्थ्य कार्यालय भक्तपुरका कार्यालय प्रमुख अन्जना खड्का र जनस्वास्थ्य अधिकृत कल्पना पाण्डेले स्तनपानको संरक्षण र संवर्द्धन तथा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुको बिक्री वितरणलाई नियमित गरी बच्चाहरूको लागि सुरक्षित र पर्याप्त पोषणको व्यवस्था गर्ने उद्देश्यले 'आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन' निर्माण भएको उल्लेख गर्दै ऐनलाई प्रभावकारी कार्यान्वयन गर्नु नै कार्यक्रमको मुख्य उद्देश्य रहेको बताउनुभयो ।

# जोशीको एक सय सातौँ जयन्ती मनाइयो

काठमाडौं, ३१ वैशाख । काठमाडौंमा शताब्दी पुरुष सत्यमोहन जोशीको एक सय सातौँ जयन्ती मनाइयो ।

सो अवसरमा समालोचक प्रा.डा.वासुदेव त्रिपाठीले नरेन्द्रराज प्रसाईद्वारा लिखित 'सांस्कृतिक योद्धा पूर्णप्रसाद ब्राह्मण' नामक कृतिको लोकार्पण गर्नुभयो । उक्त कृति ४२ वर्षअघि नरेन्द्रराज प्रसाईले पूर्णप्रसाद ब्राह्मणसित लिएको अन्तर्वार्तामा आधारित छ । 'सांस्कृतिक योद्धा पूर्णप्रसाद ब्राह्मण' नइ एकेडेमीको १९३ औं कृति हो ।

'सांस्कृतिक योद्धा पूर्णप्रसाद ब्राह्मण' नामक कृतिमाथि डा. त्रिपाठी र प्रा. केशव सुवेदीले समीक्षा गर्नुभएको थियो ।

सो अवसरमा प्रमुख अतिथि डा. त्रिपाठीले पूर्णप्रसाद ब्राह्मण विषयक विद्याविरिधि गर्ने प्रा.डा. नुरापति पोखरेललाई सम्मान गर्नुभयो ।

वानीरा फाउन्डेसनका अध्यक्ष इन्दिरा प्रसाईको सभापतित्वमा सञ्चालित सो समारोहमा कवेरी जोशी, दिनेश शर्मा, सदस्यसचिव नरेन्द्रराज प्रसाई र कार्यक्रम संयोजक भगवती बस्नेतले शताब्दी पुरुष डा. सत्यमोहन जोशीको महिमा र नव कृतिबारे मन्तव्य प्रकट गर्नुभयो ।

# भारतीय पर्यटकका विषयमा फैलाइएका सूचना आधारहीन : पर्यटन बोर्ड

काठमाडौं, ३१ वैशाख । नेपाल पर्यटन बोर्डले भारतीय पर्यटकमाथि नेपाल सरकारले नयाँ प्रतिबन्ध लगाएको भन्ने भ्रामक र तथ्यहीन समाचारप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

पर्यटन बोर्डले बुधबार प्रेस विज्ञप्ति जारी गर्दै केही सञ्चारमाध्यम र अनलाइन 'प्लेटफर्म'मार्फत भारतीय पर्यटकलाई नेपाल प्रवेश गर्दा अनिवार्य परिचयपत्र लागू गरिएको, नेपालमा बसाइ अवधि ३० दिनमा सीमित गरिएको तथा अवधि नाघेमा सवारीसाधन जफत गरिनेजस्ता विवरण पूर्णरूपमा गलत, आधारहीन र भ्रामक भएका जनाएको हो । विज्ञप्तिमा नेपाल सरकारले भारतीय पर्यटकको बसाइ अवधिमा कुनै नयाँ प्रतिबन्ध नलगाएको तथा नेपाल-भारतबिच लामो समयदेखि कायम खुला सीमा व्यवस्था र द्विपक्षीय समझदारीमा कुनै परिवर्तन नगरिएको उल्लेख गरिएको छ । नेपाल र भारतबिचको ऐतिहासिक जनस्तरको सम्बन्ध, सांस्कृतिक निकटता र पर्यटन सहकार्य यथावत जनाइएको छ ।

बोर्डका अनुसार नेपाल सरकारले हालै निजी सवारीसाधनमार्फत स्थलमार्गबाट नेपाल प्रवेश गर्ने भारतीय तथा अन्य विदेशी पर्यटकका लागि 'अनलाइन' सहजीकरण प्रणाली सुरु गरेको छ । भन्सार विभागद्वारा विकसित उक्त 'डिजिटल प्रणाली'मार्फत अस्थायी प्रवेश अनुमति र राजस्व भुक्तानी अनलाइनमार्फत गर्न सकिने व्यवस्था गरिएको छ । यस व्यवस्थाले सीमा नाकामा हुने झन्झट कम गर्नुका साथै पर्यटकलाई सहज सेवा प्रदान हुने विश्वास बोर्डले व्यक्त गरेको छ ।

पर्यटन बोर्डले सञ्चारमाध्यम, डिजिटल प्लेटफर्म, पर्यटन व्यवसायी तथा सर्वसाधारणलाई अपुष्ट सूचना प्रसारण नगर्न र पर्यटनसम्बन्धी नीति तथा यात्रा व्यवस्थासम्बन्धी जानकारीका लागि आधिकारिक सरकारी स्रोतमा मात्रै भर पर्न आग्रह गरेको छ ।

## सङ्क्षिप्त समाचार

# विद्युत् नियमन आयोगमा खुला प्रतिस्पर्धाबाट नियुक्ति गरिँदै

काठमाडौँ, ३१ वैशाख । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले विद्युत् नियमन आयोगका रिक्त पदाधिकारी नियुक्तिका लागि खुला प्रतिस्पर्धाबाट छनोट प्रक्रिया अघि बढाएको छ । सार्वजनिक पदाधिकारीको पदमुक्तसम्बन्धी अध्यादेश जारी भएसँगै आयोगका पदाधिकारी पदमुक्त भएका थिए ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले आयोगका पदाधिकारी छनोट गर्न तीन सदस्यीय सिफारिस समिति गठन गर्नुभएको हो ।

मन्त्रालयका सचिव चिरञ्जीवी चटौतको संयोजकत्वमा गठन भएको समितिमा ऊर्जा मन्त्रालयका सहसचिव सागरराज गौतम र ऊर्जाविज्ञ सतिषनारायण जोशी सदस्य हुनुहुन्छ । अब आयोगको अध्यक्षसहित चार सदस्यका लागि आवेदन आह्वान गर्ने छ । यसका लागि १५ दिने सूचना जारी गरिने उक्त मन्त्रालयले जनाएको छ । *(रासस)*

# पाँचथरका ६ विद्यालयको नतिजा 'ननग्रेडेड'

पाँचथर, ३१ वैशाख । हालै प्रकाशित माध्यमिक शिक्षा परीक्षा (एसईई) को मा जिल्लाका छ वटा विद्यालयको नतिजा 'ननग्रेडेड' आएको छ ।

एक संस्थागत र पाँच सामुदायिक विद्यालयबाट परीक्षामा ननग्रेडेड भएका हुन् । शिक्षा विकास तथा समन्वय इकाइका अनुसार जिल्लामा नियमिततर्फ साधारणतर्फ दुई हजार ९९ जना विद्यार्थी परीक्षामा सामेल भएकामा एक हजार ३४ जना 'ग्रेडेड' भएका छन् । जुन कूल सङ्ख्याको ४९ प्रतिशत हो । यस्तै प्राविधिक धारतर्फ १२२ जना विद्यार्थी परीक्षामा सामेल भएकामा ६२ जना ग्रेडेड भएका छन् । जिल्लामा दुई जना विद्यार्थी चार जिपीएसहित ग्रेडेड भएका छन् । *(रासस)*

# लागूऔषधसहित चौध जना पक्राउ

काठमाडौँ, ३१ वैशाख । नियमित गस्तीमा रहेको प्रहरी टोलीले देशका विभिन्न भागबाट लागूऔषधिसहित १४ जनालाई पक्राउ गरेको छ ।

केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार ललितपुर र बाँकेबाट तीन/तीन, मोरङ र चितवनबाट दुई/दुई, कैलाली, सिन्धुली, सुर्खेत र कास्कीबाट एक/एक जना पक्राउ परेका हुन् ।

लागूऔषध ब्यूरोबाट परिचालित टोलीले उनीहरूका साथबाट खैरो हेरोइन र गाँजा तथा चिकित्सकको सिफारिसमा मात्र खरिद गर्न पाइने डाइक्लोमाइन, नाइट्राभेट, ट्रामाडोल, एलएसडी नियन्त्रित औषधि बरामद गरेको छ ।

# तिजी पर्वले लोमान्थाङमा पर्यटक चहलपहल बढ्यो

मुस्ताङ, ३१ वैशाख । उपल्लो मुस्ताङको लोमान्थाङ गाउँपालिका–५ लोमान्थाङका होटलहरू विदेशी पर्यटकले भरिभराउ भएका छन् ।

बुधबारदेखि सुरु भएको ऐतिहासिक तथा धार्मिक पर्व तिजी अवलोकनका लागि आएका विदेशी पर्यटकहरूको उपस्थितिले लोमान्थाङ बजारका झन्डै तीन दर्जन बढी होटलहरू पर्यटकले भरिभराउ भएका हुन् ।

तिजी अवलोकन गर्न बुधबार ३०७ जना विदेशी पर्यटक भित्रिएका अन्नपूर्ण लोमान्थाङस्थित संरक्षण आयोजना (एक्याप) जनाएको छ । तिब्बती संस्कृति झल्किने करिब छ सय वर्ष पुरानो तिजी ३५० जना विदेशी पर्यटकले अभिरुचिपूर्वक अवलोकन गरेका एक्याप प्रमुख उमेश पौडेलले राससलाई जानकारी दिनुभयो ।

यो पर्वका अवसरमा खुखशान्तिको कामना गर्दै बुधबारदेखि बौद्धभिक्षुहरूले पाठपूजा गरिरहेका छन् । साथै स्थानीयले नृत्य पनि प्रस्तुत गर्ने परम्परा छ । तिजीमा स्वदेशी पर्यटक पनि उल्लेख्य रूपमा आउने गरेका छन् । *(रासस)*

'आजको आवश्यकता सुरक्षित लगानी, सुरक्षित लगानीको लागि शुभकामना'

**शुभकामना बचत तथा ऋण सहकारी संस्था लि.**

SUBHAKAMANA SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.

भक्तपुर, (सहकारी ऐन २०४८ अनुसार स्थापित)

**सूचना**

यस संस्थाको आ.व.२०८२।०८३ को स्वीकृत वार्षिक योजना तथा कार्यक्रमअनुसार यस संस्थासँग आबद्ध सरोकारवालाहरूको सहभागितामा सामाजिक परीक्षण गर्ने भएको हुँदा निम्नानुसार योग्यता पुगेका इच्छुक परामर्शदाता संस्था, कम्पनी वा फर्मले मिति २०८३।०२।१५ गतेभित्र कोटेसनसहित निवेदन दिनुहुन अनुरोध गर्दछौँ ।

**सामाजिक परीक्षकको योग्यता**

- स्नातकोत्तर उत्तीर्ण भई सम्वबन्धित क्षेत्रमा अनुभव प्राप्त ।
- सामाजिक परीक्षणसम्बन्धी अनुशिक्षण प्राप्त ।
- संस्थाको कार्यक्रम वा योजनामा प्रत्यक्ष सलंग्न नरहेको ।



मार्सीधान रोप्दै किसान

जुम्लाको चन्दननाथ नगरपालिका-२ भण्डारीवाडाका किसान खेतमा मार्सीधान रोप्दै । *तस्बिर: विजय रावत/रासस*

# बाँकेमा विद्युत् महसुल नतिर्ने सेवाग्राहीको 'लाइन' विच्छेद गर्ने अभियान

राँझा (बाँके), ३१ वैशाख । नेपाल विद्युत प्राधिकरण, नेपालगञ्ज वितरण केन्द्रले विद्युत महसुल समयमै भुक्तानी नगर्ने पाँच हजार बढी सेवाग्राहीको 'लाइन' विच्छेद गरिदिएको छ ।

बितेको पाँच महिनाको अवधिमा लामो समयदेखि महसुल रकम नतिर्ने करिब पाँच हजार ५०० ग्राहकको लाइन विच्छेद गरेर बक्यौता असुली प्रक्रिया सुरु गरेको नेपाल विद्युत् प्राधिकरण, नेपालगञ्ज वितरण केन्द्रका प्रमुख सञ्जयकुमार मिश्रले जानकारी दिनुभयो ।

उहाँका अनुसार, लामो समयदेखि महसुल रकम नतिर्ने ग्राहकको लाइन विच्छेद गरेर बक्यौता असुली अभियान सुरुआत गरेपछि नेपालगञ्ज वितरण केन्द्रले करिब रु. पाँच करोड बक्यौता असुल गर्न सफल भएको छ । "बितेको पाँच महिनाको अवधिमा हामीले करिब साढे ५ हजार ग्राहकको लाइन काटेका छौँ । यसबाट बक्यौता रकम करिब रु. छ करोड ३० लाख हुन गएको छ", उहाँले भन्नुभयो, "लाइनविच्छेद गरेकामध्ये करिब चार हजार ५०० ग्राहकबाट विद्युत् लाइन पुनःजडान भई करिब रु. पाँच करोड बक्यौता असुल भएको छ ।"

वितरण केन्द्रले लामो समयसम्म महसुल नबुझाउने ग्राहकको लाइन विच्छेद गरेर बक्यौता असुली अभियानलाई निरन्तर रूपमा सञ्चालन गरिहेको छ । विद्युत् आपूर्ति सुधार र अनियमितता नियन्त्रणका लागि अनुगमनलाई तीव्र बनाएको केन्द्र प्रमुख मिश्रले बताउनुभयो ।

विद्युत् लाइन प्रयोग गरेवापतको महसुल ६० दिनभित्र तिर्नुपर्ने कानुनी व्यवस्था रहेको छ । उक्त अवधिभित्र बिल भुक्तानी नतिर्ने उपभोक्तामाथि अब स्वचालित रूपमा कारबाही हुनेछ । बक्यौता नतिर्ने ग्राहकको लाइन विच्छेद अभियानले ग्राहकलाई समयमै बिल तिर्नुपर्ने सचेतना जगाएको उहाँको भनाइ छ ।

बाँके जिल्लामा विद्युत् सेवा सुधार र चुहावट नियन्त्रणको लागि नेपालगञ्ज वितरण केन्द्रले मिटर अनुगमन, हुकिङ गर्ने वा मिटरमा गडबडी गर्ने ग्राहकहरूमाथि सार्वजनिक बिदाका दिनसमेत स्थलगत निरीक्षण गर्दै सिँचाइ, घरेलु तथा अन्य ग्राहकको सेवा अवस्थाबारे अनुगमन गरिरहेको छ ।

सेवा सुधार, चुहावट नियन्त्रण अभियानले पछिल्ला महिनाहरूमा बाँकेमा विद्युत् आपूर्तिमा सुधार देखिएको छ । नयाँ फिडर थपिएपछि ओभरलोडको समस्या घटेकाकारण गर्मीयाममा आपूर्ति अवरुद्ध नहुने केन्द्र प्रमुख मिश्रको दाबी छ ।

नेपालगञ्ज वितरण केन्द्र नो-लाइट शाखामार्फत महत्त्वपूर्ण स्थानहरूमा नाङ्गो तार हटाइ केबुल विस्तारको काम भइरहेको छ । मर्मत शाखाले नियमित अनुगमनमार्फत आपूर्ति अवरोध हुन नदिन आवश्यक सतर्कता अपनाएको कारण विद्युत् चोरी नियन्त्रण, दुरूपयोग न्यूनीकरण तथा सेवा प्रवाहमा थप सुधार आएको उहाँको भनाइ छ । *(रासस)*

# अनाथ बालबालिकाको अभिभावक स्थानीय निकाय

भजनी (कैलाली), ३१ वैशाख । कैलालीको टीकापुर नगरपालिका अनाथ तथा असहाय बालबालिकाको अभिभावकत्व निर्वाह गर्न थालेको छ ।

नगरपालिकाभित्र स्थायी बसोबास गर्दै आएका अनाथ तथा असहाय बालबालिकाहरूलाई शिक्षा, स्वास्थ्यलगायत आधारभूत आवश्यकताहरूको पहुँचमा ल्याएर त्यस्ता बालबालिकाको संरक्षण गर्दै अभिभावकत्व निर्वाह गर्न थालेको हो । विसं २०८१ मा अनाथ तथा असहाय बालबालिका संरक्षण केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि कार्यान्वयनमा आएसँगै १७ जना बालबालिकाको अभिभावकत्व नगरपालिकाले निर्वाह गर्दै आएको छ ।

गत भदौबाट नगरपालिकाको वडा नं. १ स्थित सरस्वती माध्यमिक विद्यालयमा त्यस्ता बालबालिकाहरूलाई आवाससहितको व्यवस्थापन गरेर राखिएको छ । त्यहाँ कक्षा १ देखि ९ सम्म अध्ययन गर्दै आएका अनाथ तथा असहाय बालबालिकाले आश्रय विद्यालयमै लिएर अध्ययन गरिरहेका छन् । कार्यविधि अनुसार नगरपालिकाले एक विद्यार्थी बराबर वार्षिक रु. ६० हजार खर्च गर्दै आएको छ । बालबालिकाले अति आवश्यक सामग्री खरिदका लागि प्रतिबालबालिका रु. ५०० का दरले वार्षिक रु. छ हजार नगद नै प्राप्त गर्ने गरेका छन् ।

"यहाँ घरायसी वातावरणमा अभिभावकको अभाव अनुभूति नहुने गरी हामीले बालबालिकाको हेरचाह गर्दै आएका छौँ ।" विद्यालयका प्रधानाध्यापक खगेन्द्रबहादुर घर्तीले भन्नुभयो, "उहाँहरूलाई आवश्यकताअनुसार सुविधा प्रदान भइरहेको छ । शिक्षामा अझै बढी ध्यान दिइएको छ ।", उहाँका अनुसार बालबालिकाको सबै आवश्यक व्यवस्थापनको जिम्मा विद्यालय प्रशासनले नै लिएको छ । नगरपालिकाले एकमुष्ट विद्यार्थी सङ्ख्याको आधारमा विद्यालयलाई बजेट भुक्तानी गर्दै आएको छ । त्यही रकम विद्यालयले मापदण्डअनुसार खर्च गर्दै आएको प्रधानाध्यापक घर्तीले बताउनुभयो ।

अनाथ तथा असहाय बालबालिका संरक्षण केन्द्र सञ्चालनमा आएको धेरै समय नभएका कारणले बालबालिका कम आएको हुनसक्ने अनुमान गरिएको छ । "केन्द्र सञ्चालनमा आएको एक वर्ष भएको छैन", उहाँ भन्नुहुन्छ, "विद्यार्थीहरूको सङ्ख्या बढ्ने छ । अहिले धेरैलाई थाहा नभएर कम भएको हुनसक्छ । "चालू आर्थिक वर्षमा नगरपालिकाले केन्द्रको लागि २० लाख बजेट विनियोजन गरेको थियो ।

अभिभावकविहीन बालबालिकाहरूलाई शिक्षाको पहुँचसम्म जोड्ने उद्देश्यले बालबालिका संरक्षण केन्द्र सञ्चालन गरिएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुमन धितालले बताउनुभएको छ । "आर्थिक अभाव भएका अभिभावकका बालबालिकाहरू शिक्षाबाट वञ्चित नभए पनि अभिभावक नै नहुँदा कैयौँ बालबालिका विद्यालय बाहिर छन्", उहाँले भन्नुभयो, "विद्यालयबाहिर भएका सहारा खोजिरहेको बालबालिकाहरूको अभिभावक नगरपालिका भएर काम गर्न सुरु गरिएको हो ।" *(रासस)*

# ट्राफिक कारबाहीमा एकैदिन २१ लाख ७७ हजार राजस्व सङ्कलन

काठमाडौँ, ३१ वैशाख । बितेका २४ घण्टामा दुई हजार ३६५ सवारीचालक सवारी नियम उल्लङ्घनको कारबाहीमा परेका छन् । यसबाट राज्यकोषमा रु. २१ लाख ७७ हजार ५०४ राजस्व दाखिला भएको छ ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार मादकपदार्थ सेवन गरेको ८८, नियमविपरीत 'राइड सेयरिङ' गरेका २५८, सङ्केत बत्ती उल्लङ्घनकर्ता १५६ र तीव्र गतिमा सवारीसाधन हुइँक्याएका १७४ जनालाई कारबाही गरिएको हो ।

यसैगरी, 'लेन' अनुशासन पालना नगर्ने १२३, निषेधित क्षेत्रमा हर्न बजाउने १२८, सडक पेटीमा सवारीसाधन पार्किङ गर्ने १२४, एकतर्फी सडकमा सवारी चलाउने १६३ र अन्य सवारी नियम पालना नगरेका एक हजार १२१ जनालाई कारबाही गरिएको हो । *(रासस)*

# विद्यार्थीद्वारा तयार पारिएका पौभा कला प्रदर्शनीमा

काठमाडौँ, ३१ वैशाख । परम्परागत पौभा कला सिकेर तयार पारिएका कला प्रर्दशनीमा राखिएका छन् । बबरमहलस्थित सिद्धार्थ आर्ट ग्यालरीमा 'आरम्भ' शीर्षकमा विद्यार्थीले तयार पारेका पौभा प्रदर्शनीमा सजिएका हुन् ।

पौभा कला सिक्नु भनेको आकृति कोर्नु मात्रै नभई अनुशासन, समर्पण र अन्तरमनसँग जोडिने विषयमा ज्ञान प्राप्त भएको विद्यार्थीहरूले अनुभव सुनाउनुभयो । उहाँहरूद्वारा निर्मित पौभा कलाले परम्परागत कलातर्फ युवापुस्ताको अग्रसरता बढ्दै गएको अनुभूति भएको सिद्धार्थ आर्ट ग्यालरीका निर्देशक सङ्गीता थापाले बताउनुभयो । "पौभा कलाप्रति युवाहरूको सिकाइले सांस्कृतिक संरक्षण गर्न महत्त्वपूर्ण भूमिका खेल्छ", उहाँले भन्नुभयो, "सामूहिक सिकाइले अन्तर पुस्ता आदानप्रदान पनि गर्दछ ।"

प्रदर्शनीमा अलिश श्रेष्ठ, अनिकेत सिंह, अनिल बुद्धाचार्य, आशिष शाक्य, अश्म कंठ, वर्ष लेखी, विकेश शाक्य, दुर्गा बजगाई, एलिजा शाक्य, गगनकुमार ज्यापू, गणेश विश्वकर्मा, जेनी महर्जन, क्रिस्टिना डङ्गोल, लसता शाक्य, लक्ष्मी तामाङ, मनमिका मैनाली, मेरी धिताल, नदीम महर्जन, नरेन्द्र मल्ल, निशा तुलाधर, पलेशवान लामा, प्रसुन कुमार, रोमा लिम्बू, रुबिना प्रजापति, श्रेया मानन्धर, श्रेया तामाङ, श्याम घिमिरे, स्नेहा बज्राचार्य, सोनिशा महर्जन, श्रीप्रिया श्रेष्ठ, सुदन सिंह ठकुरी, सुजना सिंह र सुस्मिता श्रेष्ठले 'कला आकार' शीर्षकमा पौभा कला कोर्नुभएको छ ।

त्यस्तै, प्रदर्शनीमा मनोज सिंखवाल, प्रियङ्का डङ्गोल, रोशन खाजु, सुबोध शाक्य, स्वर्णिम शाक्य र सुन्दर श्रेष्ठले मुख आकृति कोर्नुभएको छ । प्रदर्शनी आगामी जेठ ११ गतेसम्म सञ्चालन हुनेछ । *(रासस)*

। सम्पादकीय ।

# शक्तिको आडमा गलत निर्णय गर्न नहुने

सिद्धान्त र विचारमा अडिग रहेर राजनीति नगर्दा, देश र जनताप्रति लात मारेर व्यक्तिगत र दलगत स्वार्थमा भुलेकै कारण विगतमा लामो समयदेखि पालैपालो सरकारको नेतृत्व गर्ने दलका नेताहरूप्रति जनताको असन्तोष बढेकोमा शङ्का छैन । न्याय, समानता, प्रजातन्त्र, मानव अधिकार, विधिको शासनको नाउँमा सत्तारुढ दलले सार्वजनिक सम्पत्ति हडप्नेदेखि देशको राजस्वमा आँखा गाड्ने, विकास योजनामा भ्रष्टाचार र अनियमितता गर्ने शासकहरूको कार्यशैलीले जनता वाक्कदिक्क भएका हुन् । जुनसुकै दलको नेतृत्वमा सरकार आए पनि देश र जनताको सेवा गर्नुभन्दा आ-आफ्नो स्वार्थ मात्र हेरिएकोले गत फागुन २१ गतेको निर्वाचनमा जनताको मत अर्कै दलतिर मोडेको हो । यसका दोषी सत्तारुढ दलहरू नै हुन् । सत्तारुढ दलको यो कमजोरीको दोष सरकारमा नपुगेको दललाई दिन नहुने थियो । एमाले र माओवादीले गरेको दोष देशका सबै कम्युनिस्ट पार्टीलाई दिनु उपयुक्त होइन । सरकारले गरेको गल्तीकै आधारमा सबै 'पुराना' दल उस्तै हुन् भनी देश र जनताको सेवा या परिवर्तनको निम्ति सङ्घर्षरत दललाई पनि उही दृष्टिले हेर्नु ठीक होइन । यस्तो गलत सन्देश गएकोले पनि सही राजनीति गर्ने दलमा पनि असर परेको हो ।

जनताको बहुमत प्राप्त भएको दलको नेतृत्वमा बनेको सरकारको कार्यशैलीप्रति पनि जनताले औँला ठड्याउँदै राखेको भोट फिर्ता माग गर्न थालेका छन् । यो सरकारले सतही ढङ्गले निर्णय गरेको कारण जनता असन्तुष्ट हुन थालेका हुन् । निर्वाचनताका र सरकार गठनताका रास्वपाको नेतृत्वको सरकारप्रति जनताको भरोसा र विश्वास थियो । तर, जब सरकारले देखाउने नाउँमा काम गर्न थाल्यो तब सरकारले गरेको काम सही नभएको जनताले नै भन्न थाले । सरकारले गरेको काम सही नभएको विश्लेषण र निर्णय सर्वोच्च अदालतले गर्न थाल्यो । ट्रेड युनियन र विद्यार्थी सङ्गठन खारेज नगर्न, सुकुमवासी बस्तीमा उठिवास नगर्न सर्वोच्च अदालतले आदेश दियो । सरकारका नेता र मन्त्रीहरूले सही विश्लेषण नगर्दा, गहिरिएर नसोच्दा संसद् पनि अवरुद्ध भयो । सरकारी नीति तथा कार्यक्रम रास्वपा सरकारकै हो । नीति तथा कार्यक्रम प्रस्तुत भएको बैठकमा अन्तिम समयसम्म प्रधानमन्त्रीको उपस्थिति हुनुपर्थ्यो । सरकारी नीति तथा कार्यक्रमबारे सांसदहरूले उठाएका जिज्ञासाको जवाफ प्रमले दिनु नै जाती हुन्छ । तर, प्रम संसद्मा उपस्थित भएनन् । अत: संसद् अवरुद्ध भयो । यस मामिलामा पनि सरकार चुक्यो ।

संवैधानिक परिषद्ले गरेको निर्णय पनि विवादमा पऱ्यो । प्रधानन्यायाधीश नियुक्तिको विवाद पनि सेलाएको छैन । यसरी संवैधानिक परिषद् गठन र प्रधानन्यायाधीश नियुक्तिमा पनि प्रत्यक्ष या अप्रत्यक्ष रूपमा राजनीतीकरण भयो । त्यस्तै, विद्यालय भर्ना अभियान र विद्यालय सञ्चालन पनि विवादमा पऱ्यो । कुनै कर्मचारी, शिक्षक, राजनीतिक दलमा लागेमा कारबाही हुने या सेवाबाट मुक्त हुने व्यवस्था सरकारले ल्यायो । कुनै पेसामा रहेका व्यक्तिले आफ्नो जिम्मेवारी छोडेर राजनीतिमा लागेर पदको दुरूपयोग नगर्न खबरदारी गर्नु अन्यथा होइन । कुनै पेसामा कार्यरत रहेको आधारमा राजनीति गर्नै नपाउने सरकारी नीतिलाई कसरी सही मान्न सकिन्छ ?

सत्ता र शक्तिको आडमा विगतमा भएका गलत कार्य र निर्णय जसरी गलत थियो; त्यस्तो खालको निर्णय अहिले पनि गलत नै हुन्छ । विदेशी शक्ति राष्ट्रबाट सञ्चालन भइरहेको बारबरा फाउन्डेसन हटाउनेतर्फ सरकारको ध्यान नगइकन आफ्नो पेसाको हक हितको निम्ति लड्ने र देशको रक्षा गर्न सङ्घर्षरत विद्यार्थी सङ्गठन खारेज गर्नेतर्फ किन ध्यान गयो ? सरकारले विदेशी गैरसरकारी सङ्गठनको संरक्षण गरेर नेपालको पेसागत सङ्गठन खारेज गर्नेतर्फ लाग्ने वर्तमान सरकार कहाँबाट सञ्चालित रहेछ भन्ने कुरा अड्कल गर्न कठिन छैन । यो सरकारले एमसीसी र एसपीपीको कार्यक्रमबारे बोलेको छैन । सरकारको तर्फबाट भएको गलत कामको समाधान गर्नुको सट्टा निरन्तरता दिनेतर्फ सरकार लागिपरेको छ । सुकुमवासी बस्ती हटाउने सन्दर्भमा रास्वपाबाट निर्वाचित सांसदहरूको घर नभत्काएको विषय पनि चर्चा बन्यो । ऐलानी जग्गामा बनेको घर भत्काउन सरकारले आनाकानी गरेको देखियो । बस्ती भत्काउने काममा सरकारले विभेद गऱ्यो । यसरी सरकारको कार्यशैली पहिलो गाँसमै ढुङ्गाजस्तै साबित भयो । देशको नेतृत्व गर्न या सरकार सञ्चालन गर्न जोश जाँगर मात्र भएर पुग्दैन व्यवहारिक ज्ञान पनि खाँचो हुन्छ । सैद्धान्तिक, वैचारिक पक्षको पनि ख्याल गर्नुपर्ने हुन्छ ।

# अध्यादेश जारी : संसद्को औचित्यतामाथि प्रश्न

✍ विवेक

प्रतिनिधिसभामा झण्डै दुईतिहाइ बहुमत प्राप्त रास्वपा सरकारले बोलाइसकेको संसद् अधिवेशन स्थगित गरेर धमाधम अध्यादेश जारी गऱ्यो । यसबारे बौद्धिक जगतबिच चर्चा चलिरहेको छ । अध्यादेश प्रतिनिधिसभा र राष्ट्रियसभा नचलेको अवस्थामा तत्काल केही गर्न आवश्यक परेमा मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले जारी गर्ने व्यवस्था हो । कानुन निर्माणको प्रक्रिया पूरा गरुञ्जेलसम्ममा देश र जनताको लागि ठूलै नोक्सान हुने सम्भावना भएमा वा कानुन अभावको कारण कुनै घटनाको निकास दिन समस्या देखिएमा अध्यादेशमार्फत निकास दिन सकिने संवैधानिक व्यवस्था हो ।

अध्यादेश एक प्रकारको अस्थायी कानुन हो । त्यसको आयु संसद् सुरु भएको ६० दिनसम्म मात्र हुन्छ । त्यसपछि स्वत: निष्क्रिय हुने संवैधानिक व्यवस्था छ । यस्तो अवस्थामा झण्डै दुईतिहाइ संसद् सदस्य रहेको रास्वपाले किन अध्यादेशको बाटो रोज्यो ? सबैको चासोको विषय यही हो ।

संसद् छलेर अध्यादेशले देश चलाउनु प्रजातन्त्र होइन । अध्यादेशले देश चलाउने हो भने संसद्को कुनै औचित्य रहन्न । अध्यादेशलाई स्थायी कानुन बनाउन प्रतिस्थापन विधेयक प्रस्तुत गर्नुपर्नेछ । संसद् अधिवेशन ढिलो बोलाएर अध्यादेश जारी गर्नाले सांसदहरू बोल्ने हकबाट बञ्चित भएका छन् । संसद् भनेको देशभरका जनताको समस्याबारे सरकारको ध्यानाकर्षण गर्ने सर्वोच्च थलो हो । संसद्भित्र हरेक सांसदलाई पूर्ण वाक् स्वतन्त्रता हुन्छ । आफ्नै पार्टीको सरकारको आलोचना गर्ने, जनताका समस्याको ध्यानाकर्षण गर्ने र सरकार गलत बाटोमा जान खोजेमा आलोचना गरेर सही ठाउँमा ल्याउने प्रयत्न गर्ने ठाउँ हो संसद् ।

सरकार प्रतिनिधिसभाबाट गठन हुने हुँदा प्रधानमन्त्री र सबै मन्त्रीहरू प्रतिनिधिसभाप्रति उत्तरदायी हुन्छन् । वर्तमान सरकारको व्यवहार देख्दा अहिलेको संसद् भनेको एक प्रकारको बुँख्याचा मात्र हुने सङ्केत देखिँदै छ । यसले संसदीय मूल्य र मान्यतालाई कमजोर मात्र बनाउँदैन निरङ्कुशताको जन्म हुने खतरा पनि बढ्छ । के आजका २१ औं शताब्दीका जनता कुनै पनि नाउँको निरङ्कुशता स्वीकार गर्न तयार होलान् ?

कानुन निर्माण सबैको चासोको विषय हो । जनतासँग सरोकार राख्ने भएको हुँदा कानुन निर्माणमा जनसहभागिता अत्यन्त महत्त्वपूर्ण हुन्छ । जनताको आवाज जनताले चुनेर पठाएका प्रतिनिधिहरूमार्फत संसद्मा पुग्छ । संसद्लाई जनप्रतिनिधि सभा भन्नुको अर्थ यही हो ।

सरकारले हालै अध्यादेशमार्फत संवैधानिक परिषद् ऐनलाई संशोधन गऱ्यो । पहिले ६ जना सदस्यमध्ये ५ जनालाई गणपूरक सङ्ख्या मानिआएकोमा अध्यादेशमार्फत ४ जनालाई गणपूरक सङ्ख्या बनाइएको छ । बहुमतको निर्णय अब ५ जना सदस्यमध्ये ३ जना पनि हुन सक्ने भयो । ६ जना सदस्यको बहुमत ४ जना हुनुपर्ने भए तापनि अब त्यो एउटा आदर्श मात्रै हुनेछ ।

भर्खर जारी भएको अध्यादेशकै आधारमा सर्वोच्च अदालतका प्रधानन्यायाधीशमा चौथो वरियताक्रमका डा. मनोजकुमार शर्मालाई सिफारिस गरियो । त्यो बहुमतको निर्णय थियो । अहिले त्यसलाई क्रमभङ्गको रूपमा व्याख्या गरिएको छ । कुनै पनि क्षेत्रमा क्रमभङ्ग गर्नै नहुने भने होइन, त्यसको औचित्य पुष्टि हुनुपर्छ र त्यो विधिसम्मत हुनुपर्छ । पहिलो, दोस्रो र तेस्रो वरियतामा रहेका न्यायाधीशहरू अयोग्य हुनुको कारणबारे सरकारले जनतालाई प्रस्ट पार्नु आवश्यक छ । के कति कारणले ती अयोग्य भए ? प्रधानमन्त्रीले छानेकै व्यक्ति प्रधानन्यायाधीश हुने परिपाटीको विकास भएमा न्यायाधीशहरूको मनोबल कस्तो हुन्छ ? विगतमा एमाले, नेका र माओवादीले पालैपालो शासन गर्दा आफ्ना कार्यकर्ताहरूलाई भागबन्डामा नियुक्त गर्थे । पार्टीको झन्डा बोक्नु नै न्यायाधीशको योग्यताजस्तै भएको थियो । त्यो गलत थियो । सबैले भागबन्डाको राजनीतिको विरोध पनि गरे । अहिले उचित कारण र तर्कबिना पछिल्लो वरियताका न्यायाधीशलाई प्रधानन्यायाधीश नियुक्त गरेको रहेछ भने पछि आउने न्यायाधीशहरूमा सरकारको चाकरी गर्ने प्रवृत्तिको विकास हुन सक्छ ।

विगतमा एमाले सरकारले आफ्नो मान्छेलाई प्रधानन्यायाधीशसम्म पुऱ्याउन दुईजना अतिरिक्त न्यायाधीशहरू भरतराज उप्रेती र प्रकाश वस्तीलाई स्थायी नै नगरी अन्यायपूर्वक निकालेको थियो । त्यसको तनावमा उप्रेतीले आत्महत्या गरेको कुरा त्यतिबेला चर्चाको विषय बनेको थियो । वस्तीको पनि केही समय अघि निधन भयो । आफ्नो कार्यकर्तालाई मुख्य मुख्य पदमा पुऱ्याउन के कति हदसम्म शासक दलहरूले निर्लज्जतापूर्वक काम गर्छन् भन्ने त्यो एउटा गतिलो उदाहरण हो । सर्वोच्च अदालतका न्यायाधीश भइसकेकाले कुनै अदालतमा गएर बहस पैरवी गर्न नपाउने, कानुनी सल्लाहकार हुन पनि नपाइने र स्थायी नगरिएपछि पेन्सन पनि नपाइने अवस्थामा त्यस्ता न्यायाधीशहरूको हिनताबोध हुनु स्वाभाविकै थियो ।

नेपालको राजनीतिक इतिहासलाई फर्केर हेर्ने हो भने २०५९ सालपछि देशमा प्रतिनिधिसभा विघटन भयो तर समयमा चुनाव हुन सकेन । स्थानीय तहमा पनि जनप्रतिनिधिहरू थिएनन् । देश जनप्रतिनिधिविहीन थियो । त्यतिबेला तत्कालीन राजा ज्ञानेन्द्रले अध्यादेशमार्फत शासन गर्न थाले । राजनैतिक दलहरूले जनप्रतिनिधिबिना कर उठाउन नपाउने भन्दै अध्यादेशबाट देश सञ्चालन गर्ने कार्यको विरोध गरे । त्यो प्रतिगमनविरोधी आन्दोलनको रूपमा इतिहासमा दर्ज छ । त्यही आन्दोलनसँगै २०६५ सालमा २४० वर्षको इतिहास बोकेको राजतन्त्रको अन्त्य भई गणतन्त्रको स्थापना भयो । निरङ्कुशता टिक्न नसक्ने यो एक अर्को उदाहरण हो ।

राजाले अध्यादेशमार्फत देश चलाउँदा गलत भयो भनेर आन्दोलन गर्ने राजनीतिक दलहरूले आफू सत्तामा पुगेपछि भने अध्यादेशमार्फत शासन गर्ने अभ्यास गर्न थाले । ती दलहरूले प्रतिपक्ष दल फुटाउनका लागि मात्र पनि अध्यादेश जारी गरे । एमालेबाट माधवकुमार नेपालको नेतृत्वमा रहेको नेकपा एकीकृत समाजवादीलाई दलको मान्यता दिन सरकारले हतार हतारमा अध्यादेश जारी गऱ्यो । पार्टीको केन्द्रीय सदस्यका ४० प्रतिशत र प्रतिनिधिसभाको सदस्य ४० प्रतिशतलाई दल फुटाउने कानुनी व्यवस्थालाई संशोधन गरी ती दुवैमा २०/२० प्रतिशतमात्र भए पनि दल फुट्न सक्ने प्रावधान राखियो । त्यो उचित थिएन । राजनीतिक दलसम्बन्धी ऐनमा संशोधनसम्बन्धी त्यही अध्यादेशकै कारण नेका स्वयंमा पनि फुटको सङ्केत देखिएपछि त्यसलाई तत्काल खारेज गरियो ।

त्यतिबेला न्यायाधीशहरू राजनीतिक दलका नेताहरूप्रति नतमस्तक हुन्थे । एक पटक एमालेमा झलनाथ खनाल अध्यक्ष भएको बेला पुनरावेदन अदालतमा थुप्रै न्यायाधीशहरू नियुक्त गरिए । त्यसमध्ये एमालेको कोटाबाट नियुक्त हुनेहरूको सङ्ख्या १० जनाभन्दा बढी थिए । न्यायाधीशहरूको सपथग्रहण सकिएलगत्तै ती सबै न्यायाधीशहरू एमाले केन्द्रीय कार्यालय बल्खुमा गएर पार्टी नेताहरूप्रति कृतज्ञता ज्ञापन गर्न पुगे । छाती र निधारमा सूर्य वा रुख चिह्न लगाइएका न्यायाधीशहरूले कसरी स्वतन्त्र न्यायपालिकाको गरिमालाई बचाउन सक्छन् भनी त्यतिबेला पनि चर्चा चलेको थियो । त्यसप्रकार न्यायपालिकालाई दलको शाखा कार्यालयजस्तो बनाउने प्रवृत्तिको अन्त्य गर्नु जसरी थियो । त्यसको नाउँमा आवश्यक विधि, प्रक्रिया पूरा नगरी मनपरी गर्नुलाई प्रजातन्त्र भनिँदैन । त्यो एक प्रकारको निरङ्कुशता नै हो । नेपाली जनता कुनै पनि खालको निरङ्कुशता स्वीकार गर्दैनन् । विद्यार्थी सङ्गठनहरू खारेज, शिक्षकहरूले राजनीति गर्न नपाउनेजस्ता प्रजातन्त्रविरोधी कदमहरू र निरङ्कुशताको अर्को उदाहरण हो ।

नेपालमा ३० वर्षसम्म चलेको पञ्चायती सरकारले निर्दलीय नाउँमा शासन गऱ्यो । वास्तवमा त्यो पञ्चहरूको एकदलीय राजनीतिक व्यवस्था थियो । उनीहरूले दलमाथि प्रतिबन्ध लगाए; स्वतन्त्रतापूर्वक विचारको प्रचारप्रसारमा रोक लगाए । जनताले मौलिक र राजनीतिक अधिकारको लागि निरन्तर सङ्घर्ष गर्नुपऱ्यो । जनआन्दोलनको परिणाम पञ्चायती व्यवस्था नै समाप्त भयो र दल खोल्ने स्वतन्त्रता पायो । अहिले संविधानमा दल खोल्ने स्वतन्त्रता छ, भेला हुने र सङ्गठन गर्ने सबैलाई अधिकार छ । यस्तो अवस्थामा विद्यार्थी सङ्गठनहरू खारेज गर्नु प्रजातन्त्रविरोधी काम हो । जुनसुकै नाउँमा गरे पनि त्यो अप्रजातान्त्रिक कार्य हो । पञ्चहरूले विचारलाई प्रतिबन्ध लगाएसँगै आफ्नो काल निम्त्याएजस्तै विद्यार्थी सङ्गठनहरूमाथि प्रतिबन्ध लगाउनु पनि सरकारको लागि आफ्नो खुट्टामा आफैले बन्चरो हान्नेसरह हुनेछ ।

# किंवन गरिएको गुणकारी गुन्द्रुक के हो ?

✍ अरुणा उप्रेती

'गुन्द्रुकको झोल पनि के खाने र ?' जात फाल्नु गुन्द्रुको झोलमा भनेर पहिले अपमानित गरिन्थ्यो । तर अहिले समय परिवर्तन भएको छ । अहिले गुन्द्रुक खाँदा कसैले अपमानित हुनुपर्दैन । गुन्द्रुक-भात खाएको भन्दै लाज मान्नुपर्दैन ।

गुन्द्रुक मुलाको पात, काउलीको पात, रायो, तोरी, पालुङ्गोलगायत हरिया सागसब्जीलाई 'किंवन' गरेर बनाइन्छ । 'किंवन' भन्ने शब्द प्राय: नेपाली भाषामा प्रयोग गरिन्न । यसको वास्तविक अङ्ग्रेजी शब्द 'Fermentation' नै प्रचलित छ ।

गुन्द्रुकमा औषधीय गुण पनि हुन्छ । पहिले यसको खासै वास्ता गरिँदैनथ्यो । अहिले भने अनुसन्धानहरूले पनि गुन्द्रुकले स्वास्थ्य लाभ गर्न मद्दत गर्छ भनेर प्रमाणित गरिसकेका छन् ।

स्वाद र स्वास्थ्य कम पैसामा पाइने गुन्द्रुकबारे अझ हामीले उखान-टुक्का पनि बदल्नुपर्छ कि 'ठूलो काम गरेछ, गुन्द्रुक-भात ख्वाउँला' ।

गाउँघरमा प्राय: गुन्द्रुक बनाउन हरिया सागहरू सफा गरेर घाममा ओइलाइन्छ अनि सागलाई मिचेर वा थिचेर भाँडो वा माटाको भाँडामा कोचेर राखिन्छ । केही दिनसम्म प्राकृतिक रूपमा किंवन हुन्छ । यसरी असल जीवाणुहरूले खाद्य पदार्थ सुरक्षित राख्नुका साथै गुन्द्रुकमा रहेको स्वाद, पाचन क्षमता र पोषणको मूल्य पनि बढाइदिन्छन् । त्यसपछि घाममा सुकाएर सुरक्षित राखेपछि लामो समयसम्म प्रयोग गर्न सकिन्छ । झटपट पाकिहाल्ने, अचार बनाएर खान सकिने गुन्द्रुक मन नपर्ने कमै नेपाली होलान् ।

पेट फुल्ने र अपच कम हुनुका साथै छोटकरीमा आन्द्रा स्वस्थ राखेर रोग प्रतिरोधात्मक क्षमता बढाउँछ । कुन अरू त्यस्तो सहज भोजनमा यस्तो गुण होला ? किंवन प्रक्रियामा गुन्द्रुकमा भिटामिन सी पाइन्छ, जसले शरीरको रोगसँग लड्ने क्षमता बढाउन भूमिका खेल्छ ।

गुन्द्रुकमा भएको प्रोबायोटिक्सले आन्द्राको स्वास्थ्य सुधार गर्छ । हरियो सागमा पाइने विशेष तत्त्वहरूले शरीरलाई हानिकारक फ्री-रेडिकलबाट जोगाउँछन् ।

गुन्द्रुकमा पाइने फाइबर र पोटासियमले सम्पूर्ण शरीर स्वस्थ राख्न सहयोग पुऱ्याउन सक्छ । पोटासियमले रक्तचाप नियन्त्रण गर्न मद्दत गर्छ भने रेसादार तत्त्व अर्थात् फाइबरले खराब कोलेस्ट्रोल घटाउन सहयोग पुऱ्याउँछ । अर्थात्, मुटु स्वस्थ राख्न पनि यसले ठूलो भूमिका खेल्न सक्छ । छोटकरीमा यसले मोटोपन घटाउन मद्दत गर्ने भएकोले अनेक नसर्ने रोगसँग लड्न पनि सहयोग गर्छ किनभने गुन्द्रुक कम क्यालोरीयुक्त र धेरै रेसादार तत्त्व भएको खाद्य पदार्थ हो । त्यसैले गुन्द्रुक स्वस्थ तौल कायम राख्न उपयोगी खाद्य पदार्थ मानिन्छ ।

स्वादका दृष्टिले मात्र होइन, पोषणका दृष्टिले पनि यसको महत्त्व छ । यसमा आहारीय रेसा (फाइबर), आइरन (फलाम), क्याल्सियम, भिटामिन 'सी', भिटामिन 'बी' आदि पाइन्छन् । फेरि गुन्द्रुक पकाउँदा भटमास र आलु, कतिपयले कोदो र फापर पनि मिसाएर पकाउँछन् र यसो गर्दा गुन्द्रुक एक प्रकारले सन्तुलित भोजन बन्न जान्छ । अझ भातसँग खाँदा त झन् पौष्टिकता बढ्छ ।

स्वाद र स्वास्थ्य कम पैसामा पाइने गुन्द्रुकबारे अझ हामीले उखान-टुक्का पनि बदल्नुपर्छ कि 'ठूलो काम गरेछ, गुन्द्रुक-भात ख्वाउँला' ।

गुन्द्रुक झोल, छोप र अचार बनाएर खाइन्छ । जुन रूपमा खाए पनि यसले पाचन प्रणाली स्वस्थ राख्न मद्दत गर्छ । किंवन प्रक्रियामा लाभदायक किटाणु अर्थात् ब्याक्टेरियाले आन्द्रामा राम्रो जीवाणुको सन्तुलन कायम राख्छन् । यसमा भएको रेसादार तत्त्वले कब्जियत कम गराउँछ साथै भोजन राम्रोसँग पचाउन मद्दत गर्छ ।

गुन्द्रुकमा यति धेरै फाइदा हुनुको कारण किंवन प्रक्रियाले भोजनलाई शरीरले सजिलै पचाउन सक्ने बनाउनु हो । यसले अनेक थरीका पोषक तत्त्व शोषण गर्न पनि मद्दत गर्छ । त्यसैले लौहतत्त्व शरीरमा राम्रोसँग शोषण हुन्छ र यसमा भएको प्रोटिन पचाउन पनि सजिलो हुन्छ ।

किंवन प्रक्रियाले भिटामिन 'बी' समूहका भिटामिन पनि बढाउँछ । यस्ता सबै कारणले गुन्द्रुकलाई काँचो सागभन्दा बढी पौष्टिक मान्न सकिन्छ । धेरै साग हुने बेलामा गुन्द्रुक बनाएर पछिसम्म खाँदा बचत पनि हुन्छ ।

गुन्द्रुक खाँदा कोदो र फापरको ढिँडोसँग खाइन्छ, त्यसैले मधुमेह भएकाहरूका लागि पनि उपयोगी मानिन्छ । वास्तवमा गुन्द्रुक खाना मात्र होइन, नेपाली संस्कृति र पहिचानसँग जोडिएको परम्परागत पौष्टिक खाद्य पदार्थ पनि हो ।

यसले सामाजिक सम्बन्ध, सांस्कृतिक निरन्तरता दिनुका साथै स्वस्थ आहार र दिगो खाद्य प्रणाली बनाउन पनि मद्दत पुऱ्याउँछ ।

# सरकार सुशासनको वकालत गर्छ, प्रदेश र स्थानीय सरकारको अधिकारमाथि हस्तक्षेप गर्छ

● धनु विश्वकर्मा


सुकुमवासी व्यवस्थापन स्थानीय, प्रदेश र सङ्घ सरकारको साझा अधिकारक्षेत्रभित्र पर्छ। तर, सरकारले एकलौटी ढङ्गले सुरक्षा निकाय परिचालन गर्दै संविधानले नचिन्ने सीडीओमार्फत व्यवस्थापनको नाममा सुकुमवासीहरूको उठिबास लगाइरहेको छ।

सरकारले सुकुमवासी बस्ती हटाउने अभियानै थालेको छ। थापाथलीस्थित सुकुमवासी बस्तीका संरचना डोजरले भत्काएर काठमाडौं उपत्यकाभित्र यो अभियान वैशाख १२ गते शनिबार सुरू भएको थियो। मनोहरा, बल्खु, टेकु, शङ्खमुल, सिनामङ्गल, बालाजु, कलङ्कीलगायत स्थानमा नदी किनारका सुकुमवासी बस्तीमा डोजर लगाएर अमानवीय ढङ्गले उनीहरूको उठिबास लगाएपछि त्यहाँका मानिसहरूको विचल्ली भएको छ। यसरी घरबास भत्काइएपछि एकातिर मानिसहरू बेघरबार भए भने अर्कातिर रविन तामाङ र इन्द्रबहादुर राईजस्ता व्यक्ति आत्महत्या गर्न बाध्य भए।

सरकारको यो कदम अब काठमाडौं उपत्यकामा मात्रै सीमित छैन। प्रमुख जिल्ला अधिकारी (सीडीओ) मार्फत ठूलो सङ्ख्यामा नगर प्रहरी, नेपाल प्रहरी र सशस्त्र प्रहरी परिचालन गरेर देशभरका सुकुमवासी बस्ती भत्काउने योजना सरकारले बनाएको छ। खोलाकिनार अतिक्रमण गरेर बनाएका भनिएका पक्की घरहरू पनि भत्काइएका छन्। गृहमन्त्री आफ्नै मातहत राखेका प्रधानमन्त्री शाहले ७७ वटै जिल्लाका सीडीओ कार्यालयलाई परिपत्र गरेका छन्।

वैशाख १६ गते गृह मन्त्रालयका शाखा अधिकृत कृष्ण देवकोटाले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "सम्बन्धित निकायको सहयोग र समन्वयमा जिल्लामा रहेका अतिक्रमण हटाउने योजना सम्बन्धित निकायबाट माग गरी सार्वजनिक जग्गाको पहिचान गरी उक्त जग्गाहरूमा रहेको अतिक्रमण हटाउने योजना सम्बन्धित निकायबाट माग गरी यस मन्त्रालयमा पठाउन हुन र मन्त्रालयको स्वीकृतिपश्चात् अतिक्रमण हटाउने कार्यका लागि यथोचित सुरक्षा प्रबन्धलगायत अन्य आवश्यक सहजीकरण गर्न हुन मिति २०८३ वैशाख १६ को (सचिवस्तर) निर्णयानुसार अनुरोध छ।" संविधानले नचिन्ने सीडीओलाई कानुनविपरीत काम गर्न प्रयोग गरिएको छ। सुकुमवासी बस्तीमाथि चलाइएको यो डोजर मानवीय ढङ्गले मात्रै गलत छैन, कानुनी हिसाबबाट पनि गैरन्यायिक छ।

संसद्मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को झन्डै दुईतिहाइको बहुमत छ। सत्ताको बागडोर रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाहको हातमा छ। बहुमतको बलमा सङ्घ सरकारले प्रदेश र स्थानीय तहका अधिकारलाई खुम्च्याउँदै लग्न थालेको छ। विद्यालय शिक्षा स्थानीय तहको एकल अधिकारमा पर्छ। विद्यालय भनदिखि पठनपाठनसम्म केन्द्रले निर्णय गर्दै स्थानीय तहलाई कारबाही गर्ने धम्की दिइयो, जुन कदम संविधानको विपरीत थियो। अहिले सुकुमवासीको हकमा पनि त्यही गरिएको छ।




नेपालको संविधानको अनुसूची-९ मा सुकुमवासी व्यवस्थापनलाई स्थानीय, प्रदेश र सङ्घ सरकारको साझा अधिकारमा समावेश गरिएको छ। त्यस्तै घर-जग्गाधनी पुर्जा वितरण स्थानीय तहको अनुसूची-८ को एकल अधिकारमा रहेको छ।

धरान उपमहानगरपालिकाका कार्यवाहक मेयर अइन्द्रविक्रम बेघाले आफ्नो कार्यकालसम्म कोही पनि सुकुमवासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासीलाई नउठाउने अडान लिएका छन्। उनी भन्छन्, "म मेरो पालिकामा डोजर लगाउन दिन्नँ। यहाँका जनताबाट निर्वाचित भएर हामी आएका हौँ। मेरो सीमामा सङ्घ सरकारलाई आउन दिने होइन।" धरानमा मात्र १४ हजार ५६४ भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासी रहेका छन्।

देशभर सुकुमवासी र अव्यवस्थित बसोबासीलाई हटाउने कार्यप्रति नेपाल नगरपालिका सङ्घ र गाउँपालिका राष्ट्रिय महासङ्घ, नेपालले विरोध जनाएका छन्। नेपाल नगरपालिका सङ्घका अध्यक्ष भीमप्रसाद ढुङ्गाना र गाउँपालिका राष्ट्रिय महासङ्घ, नेपालका अध्यक्ष लक्ष्मीदेवी पाण्डेले संयुक्त रूपमा जारी गरेको विज्ञप्तिमा भनिएको छ, "नेपालको संविधान र विधान कानुनअनुसार भूमिहीन दलित, सुकुमवासी तथा अव्यवस्थित बसोबासीहरूको पहिचान, अभिलेखीकरण, जीविकोपार्जन व्यवस्थापन, सुरक्षित बसोबास तथा स्थानीय स्तरमा अव्यवस्थित बसोबास व्यवस्थापन गर्ने प्रमुख जिम्मेवारी स्थानीय सरकारको हो भन्ने विषयमा हामी पूर्णत: सचेत छौँ। सार्वजनिक जग्गाको संरक्षण, अतिक्रमण रोकथाम तथा अतिक्रमित सार्वजनिक जग्गा खाली गराउने जिम्मेवारी पनि स्थानीय सरकारकै हो।"

नेपाल नगरपालिका सङ्घका अध्यक्ष भीमप्रसाद ढुगाना संविधानले तोकेको साझा अधिकारभन्दा बाहिर गएर केन्द्रीय सरकारले लाद्न खोजेको आरोप लगाउँछन्। अहिले सरकारले सीडीओमार्फत देशभर गरिरहेको कार्यमा स्थानीय सरकारसँग एकपटक पनि समन्वय नगरीकन नौटङ्की गरेको उनको भनाइ छ। उनी भन्छन्, "सीडीओमार्फत लगत लिने होइन। जिल्ला-जिल्लामा रहेको भूमि आयोगले समन्वय गरेर स्थानीय तहले लगत दिने हो। सेनाले लगत उठाउने होइन।"

अहिले भइरहेको सरकारको कार्य पाँच कारणले गलत भएको उनको ठम्याइ छ। पहिलो - सङ्घ सरकारले प्रदेश र स्थानीय सरकारसँग समन्वय गरेको छैन। दोस्रो - स्थानीय शासन सञ्चालन ऐनअनुसार संरक्षणको अधिकार स्थानीय सरकारलाई पनि दिएको छ। तेस्रो - लगत सङ्कलनका लागि सेनालाई परिचालन गर्ने होइन। भूमि आयोग र स्थानीय तहको समन्वयमा हुने हो। चौथो - भूमि आयोग र स्थानीय सरकारको अधिकार हनन गरेको छ। पाँचौं सङ्घ - व्यवस्थापनको नाम लिइए पनि यो नागरिकको भूमि र आवासको हकविरूद्ध छ।

**आयोगको क्षेत्राधिकारमाथि हस्तक्षेप**

भूमि समस्या समाधान आयोगले भूमिहीनलाई तीन प्रकारमा वर्गीकरण गरेको छ, जसमा भूमिहीन दलित, भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोवासी रहेका छन्। आयोगको आर्थिक वर्ष २०८१/०८२ वार्षिक प्रतिवेदनअनुसार देशभर ८८ हजार ८२६ जना भूमिहीन दलित, १ लाख ६८ हजार २७६ जना भूमिहीन सुकुमवासी र ८ लाख ७१ हजार ४११ जना अव्यवस्थित बसोबासी रहेका छन्।

सबैभन्दा धेरै भूमिहीन दलित लुम्बिनी प्रदेशमा २२ हजार ७८७ जना रहेका छन्। कम भूमिहीन दलित भने कर्णाली प्रदेशमा २ हजार ८७२ जना रहेका छन्। त्यस्तै, सबैभन्दा धेरै भूमिहीन सुकुमवासी कोशी प्रदेशमा ५४ हजार २५५ जना छन् भने कम कर्णाली प्रदेशमा १ हजार ४३२ जना रहेका छन्। अव्यवस्थित बसोबासी सबैभन्दा धेरै लुम्बिनी प्रदेशमा २ लाख ३७ हजार ६३० जना रहेका छन्, कम कर्णाली प्रदेशमा ४५ हजार ४२६ जना रहेका छन्।

अहिले केन्द्रमा भूमिको समस्या समाधानको लागि भूमि समस्या समाधान आयोग छ। त्यसैको मातहतमा ७७ वटै जिल्लामा भूमि आयोग छन्। देशभर यसको लगत सङ्कलन पनि स्थानीय तहको समन्वयमा आयोगले गरिरहेको छ। आयोगको अधिकार क्षेत्रमा पर्ने यो जिम्मा सरकारले नेपाली सेनालाई दिएको छ, जुन कानुनको बर्खिलाप रहेको छ।

भूमि समस्या समाधान आयोग गठन आदेश, २०८१ को दफा ६ मा आयोगको काम, कर्तव्य र अधिकारको व्यवस्था गरेको छ। दफा ६ को (क) मा भनिएको छ, "भूमिहीन दलित, भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरणका लागि आधार र मापदण्ड तोक्ने, (ख) भूमिहीन दलित, भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासीको स्थानीय तहबाट लगत सङ्कलनका लागि आवश्यक ढाँचा स्वीकृत गर्ने, (ग) दफा १७ को उपदफा (२) र (३) बमोजिम भूमिहीन दलित, भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत सङ्कलन, प्रमाणीकरण र नापजाँचको काम गर्ने तर त्यस्तो काम कुनै स्थानीय तहमा निर्धारित समयसीमाभित्र सम्पन्न नहुने अवस्था देखिएमा आयोग आफैंले गर्न सक्नेछ।"

त्यस्तै भूमिसम्बन्धी ऐन २०७६ मा भएको आठौं संशोधनले दफा ५२ को (क), (ख) र (ग) मा भूमिहीनलाई एकपटकका लागि नेपाल सरकारले जग्गा दिने कानुनी व्यवस्था गरेको छ। त्यसको सबै काम कारबाही आयोगले गर्नेछ भनिएको छ, जसको समन्वय स्थानीय तहले गर्नेछ।

यता नेपाली सेनाले भने आयोगको क्षेत्राधिकार मिच्दै सुकुमवासीको लगत सङ्कलन गर्न थालेको छ। सेनाले सुकुमवासीहरूको लगत लिएको विषयमा विरोध भएपछि सेनाले त्यो काम विपद् प्रतिकार्य पूर्वतयारीका लागि गरिएको स्पष्टीकरण दिएको छ। वैशाख १६ मा सेनाले जारी गरेको स्पष्टीकरणमा भनिएको छ, "नेपाली सेनाले सुकुमवासीहरूको विवरण माग गरेको सम्बन्धमा सामाजिक सञ्जाल तथा सञ्चारमाध्यमहरूमा विभिन्न खबरहरू प्रकाशन र प्रसारण भइरहेको सन्दर्भमा नेपाली सेनाको स्थानीय युनिटहरूले आ-आफ्नो जिम्मेवारी क्षेत्रमा हुन सक्ने विपद्का घटनाहरूमा सुरक्षा फौज तैनाथ भई उद्धार, राहत वितरण पुन:स्थापनाका कार्यहरूलाई सहज बनाउने उद्देश्यका साथ सम्भावित जोखिम नक्साङ्कन गर्नका लागि तथ्याङ्क अद्यावधिक गर्ने कार्य गरिएको सबैमा जानकारी गराउँदछौं।" विपद्को पूर्वतयारी गर्ने काम जिल्ला विपद् व्यवस्थापन समितिले गर्ने गरेको छ, जसको प्रमुख सीडीओ हुन्छ।


सरकारको कदमविरूद्ध भूमि समस्या समाधान आयोगले पनि आयोग र स्थानीय तहको अधिकारलाई मिचेको भन्दै विज्ञप्ति निकालेको छ। भूमि आयोगका अध्यक्ष हरिप्रसाद रिजाल केन्द्र सरकारले स्थानीय तह र आयोगको क्षेत्राधिकार नमानेर विकेन्द्रीकरणको सिद्धान्तलाई पनि आत्मसात् गर्न नसकेको बताउँछन्। उनी भन्छन्, "भूमि ऐनको सातौं र आठौं संशोधनले भूमिहीन र सुकुमवासीलाई व्यवस्थापन गर्ने जिम्मा आयोगलाई दिएको छ। यो काम उसले स्थानीय सरकारसँग समन्वय गरेर गर्छ।"

सुकुमवासीको हकमा दश वर्षदेखि आवादी गरिरहेकाहरूलाई जग्गा उपलब्ध गराउने कानुनी व्यवस्था रहेको छ। भूमिहीन दलितलाई एकपटकका लागि जमिन दिने व्यवस्था छ। अव्यवस्थित बसोबासीको सवालमा तीन महिना अगाडिदेखि ठाउँ छाड्न विभिन्न सञ्चार माध्यममार्फत सूचना जारी गर्नुपर्थ्यो। "यसरी बल प्रयोग गरेर उठाउन मिल्दैन। स्थानीय सरकारमार्फत उठाउने हो। जनप्रतिनिधिहरू पनि भुलभुलैयामा परे," उनले भने।

त्यस्तै भूमिविद् जगत् देउजा तीनवटै सरकारको समन्वयबिना कानुनी रूपमा हटाउन नमिल्ने बताउँछन्। उनी भन्छन्, "भूमिहीनको व्यवस्थापनका लागि तीनवटै सरकारको स्पष्ट कानुन छ। सङ्घ सरकारले नियम कानुन बनाउने, प्रदेशले प्राविधिक सहयोग गर्ने र स्थानीय तहले त्यसको सबै लगत उठाउने।"

सुकुमवासीमाथि सरकारले उठिबास लगाउन थालेपछि देशव्यापी आन्दोलन चर्किन थालेको छ। धरान, बुटवल र दाङमा सरकारको कदमका विरूद्ध दिनहुँ आन्दोलन भइरहेका छन्। यद्यपि, सुकुमवासी उठिबास लगाउने सरकारको कार्यलाई रास्वपाले थप बल दिइरहेको छ।

वैशाख २० गते बसेको रास्वपाको बैठकले देशभरका अव्यवस्थित बसोबासीको समस्या समाधान गर्न प्राधिकरण गठन गर्ने निर्णय गरेको छ। संरचना भत्काउन स्थानीय सरकारलाई पनि अनुरोध गर्ने उल्लेख गरेको छ।



गाउँपालिका राष्ट्रिय महासंघ, नेपाल — नेपाल नगरपालिका संघ

२०८३।०१।१७

**अतिक्रमित जग्गाबाट बस्ती हटाउने विषयमा भैरहेको कार्यप्रति संघ/महासंघको**

**संयुक्त प्रेस विज्ञप्ति**

काठमाडौं उपत्यकाको थापाथली, मनोहरा र सिनामंगल क्षेत्रका नदी किनारका बस्तीहरूबाट हालसालै भइरहेको जबरजस्ती निष्कासन, देशभरका स्थानीय सरकारहरूलाई भूमिहीन तथा अव्यवस्थित बसोबासीको विवरण माग गर्दै सुरक्षा निकायबाट भैरहेको अस्वभाविक सकृयता तथा विभिन्न स्थानीय सरकारहरूलाई बस्ती उठाउन भैरहेको दबाब दिने कार्यप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ। यस्ता गतिविधिहरूले शान्ति—सुरक्षामा खलल पुर्याउने मात्र होइन, निमुखा, गरिब र भूमिहीन नागरिकहरूमा त्रास, भय र जीवन थप असुरक्षित बनाउने जोखिम बढाएको छ।


हालै बर्दिया जिल्लामा नेपाली सेनाले तथ्याङ्क उपलब्ध गराउन स्थानीय सरकारलाई गरेको पत्राचारको व्यहोरा र प्रकृया, त्यस सन्दर्भमा सम्बन्धित स्थानीय सरकारहरुको ध्यानाकर्षण र पुन: नेपाली सेनाबाट जारी स्पष्टिकरण सहितको विज्ञप्तिले राज्यका निकायहरूबीच जिम्मेवारीको अस्पष्टता, आपसी विश्वास र समन्वयको अभाव देखाएको छ। लोकतान्त्रिक शासन प्रणालीमा यस्तो अवस्था दीर्घकालीन रूपमा हितकर हुन सक्दैन भन्ने विषयमा हामी सबै सजग हुन जरुरी छ।

**यस सन्दर्भमा हामी निम्न विषयहरू स्पष्ट गर्न चाहन्छौं:**

१. हाल स्थानीय सरकारहरूले भूमिहीन दलित, सुकुम्वासी तथा अव्यवस्थित बसोबासीको लगत सङ्कलन, सत्यापन र प्रमाणीकरण गर्ने कार्य अन्तिम चरणमा पुगेको छ। जुन संघीय सरकारको शासकीय सुधारको प्राथमिकतासँग मेल खान्छ। यस्तो अवस्थामा जबरजस्ती उठिवास गराउने कार्य कुनै पनि हिसाबमा न्यायोचित देखिंदैन। वैकल्पिक व्यवस्था बिना गरिएको विस्थापनले नागरिकहरूको आवास अधिकार, मानवीय मर्यादा, सामाजिक सुरक्षा तथा सम्मानपूर्वक बाँच्न पाउने मौलिक अधिकारमाथि गम्भीर आघात पुर्याउँछ।

२. नेपालको संविधान र विद्यान कानुनअनुसार भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीहरूको पहिचान, अभिलेखीकरण, जीविकोपार्जन व्यवस्थापन, सुरक्षित बसोबास तथा स्थानीय स्तरमा अव्यवस्थित बसोबास व्यवस्थापन गर्ने प्रमुख जिम्मेवारी स्थानीय सरकारको हो भन्ने विषयमा हामी पूर्णत: सचेत छौं। सार्वजनिक जग्गाको संरक्षण, अतिक्रमण रोकथाम तथा अतिक्रमित सार्वजनिक जग्गा खाली गराउने जिम्मेवारी पनि स्थानीय सरकारकै हो। यस विषयमा नेपाल सरकारले पछिल्लो समय देखाएको चासो र सक्रियतालाई हामी स्वागत गर्दछौं। तथापि, कानुनत दिएको परिभाषित जिम्मेवारी अनुसार यस प्रकारका कार्यको नेतृत्व स्थानीय सरकारले नै गर्ने हो र मागको आधारमा नेपाल सरकार र प्रदेश सरकारले आवश्यक सुरक्षा र स्रोत साधनको प्रबन्ध गर्नुपर्दछ।

३. अतिक्रमणलाई वैधता दिनुपर्छ भन्ने धारणा कसैको पनि छैन र हुनुहुँदैन। तर, नागरिकहरू किन र कस्तो बाध्यताका कारण सार्वजनिक जग्गा अतिक्रमण गर्न बाध्य भए भन्ने सामाजिक, सांस्कृतिक, आर्थिक र संरचनात्मक कारणहरूको संवेदनशील अध्ययन र सम्बोधन अपरिहार्य छ। भूमिहीनता र अव्यवस्थित बसोबासीको समस्या पुस्तौंदेखि सामाजिक न्याय, मानवअधिकार र समावेशी विकाससँग जोडिएको गम्भीर राजनीतिक प्रश्न हो। यसलाई कुनै पनि हतारो निर्णय वा दबाबमा होइन, संविधान र कानुनको आधारमा, दिगो र न्यायोचित समाधानमार्फत व्यवस्थापन गरिनुपर्छ।



**भूमि समस्या समाधान आयोगको धारणा**

नेपालको संविधान २०७२ को मौलिक हकको धारा १६मा सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १८मा समानताको हक, धारा २५मा सम्पत्तिको हक, धारा ३६मा खाद्य अधिकार, धारा ३७मा आवासको हक, धारा ४०मा दलितको हक, धारा ४२मा सामाजिक न्यायको हक, र धारा ४३ सामाजिक सुरक्षाको हक व्यवस्था गरिएको छ। धारा ५१ (ञ) को (६)मा 'सामाजिक न्याय तथा समावेशीकरणसम्बन्धी नीति अन्तर्गत मुक्त कमैया, कमलरी, हरवा चरवा, हलिया, भूमिहीन, सुकुमवासीहरूको पहिचान गरी बसोवासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमिन वा रोजगारीको व्यवस्था गर्ने ग्यारेण्टी गरिएको छ।

संविधान कार्यान्वयनको सन्दर्भमा भूमिसम्बन्धी ऐनको सातौं संशोधन (२०७५)ले भूमिहीन दलितलाई भूमि दिइसक्नुपर्ने समयावधि ३ वर्ष तोकेको छ। भूमिसम्बन्धी ऐनको आठौं संशोधन (२०७६)मा थपिएको दफा ५२ (क) नेपाल सरकारले भूमिहीन दलितलाई एक पटकका लागि तोकिएबमोजिम तीन वर्षभित्र जमिन उपलब्ध गराउने छ। यसैगरी ५२ (ख)मा भूमिहीन सुकुमवासीलाई जग्गा उपलब्ध गराउने व्यवस्था गरिएको छ। जसअनुसार, एकपटकको लागि नेपाल सरकारले भूमिहीन दलित र भूमिहीन सुकुमवासीले आवाद गरिरहेको स्थानमा वा नेपाल सरकारले उपयुक्त ठहरेको अन्य कुनै सरकारी जग्गामा तोकिदिएको क्षेत्रफलको हदमा नबढ्ने गरी जग्गा उपलब्ध गराउने व्यवस्था छ। यस आधारमा भूमिसम्बन्धी नियमहरू पनि संशोधन भइसकेको छ। आवासको अधिकारसम्बन्धी ऐन, २०७५ को दफा ३(१) र (३)ले आवासको अधिकारको सम्मान, संरक्ष, र परिपूर्ति गर्ने दायित्व तीनै तहका सरकारले पालना गर्नुपर्ने व्यवस्था गरेको छ।

**भूमि सम्वन्धि ऐन २०२१(आँठौ संसोधन) को दफा ५२क, ५२ख र ५२ग को व्यवस्था गरेबमोजिम नेपाल सरकारले मिति २०८१ साल कार्तिक १३ गते भूमि समस्या समाधान आयोग गठन गरेको हो।** संविधान र त्यसअनुरूप भूमि सम्वन्धि ऐन, २०२१ मा भएको सातौं र आठौं संशोधनले तोकेको कायदिश पूरा गर्न आयोग सक्रियताका साथ काम गरिरहेको छ। आयोगले भूमि सम्वन्धि ऐन, नियमावली, गठन आदेश र सो आदेश बमोजिम बनेका विभिन्न कार्यविधिहरुको परिधिभित्र रहि चरणवद्ध रुपमा स्थानीय तहहरु संग कार्यसहमती पत्रमा हस्ताक्षर(सम्झौता) गर्ने र ३५ दिने सुचना प्रकाशन, लगत संकलन र डाटा इन्ट्री, वडाबाट पहिचान र प्रमाणीकरण, स्थानीय तहबाट पहिचान र प्रमाणीकरण, जिल्ला समितिबाट पहिचान र प्रमाणीकरण, जग्गा नाँपजाँच, जग्गा दर्ता गर्ने निर्णय, जग्गाधनी प्रमाण पुर्जा वितरण र भूमि सुधार तथा मालपोत कार्यालयबाट श्रेस्ता कायम गर्नुपर्ने जस्ता विभिन्न चरणहरु मध्ये आधारभुत चरणहरु पार गरी आयोगले बाँकि रहेको अवधिमा पाएको जिम्मेवारी अनुसार कार्य सम्पादन गरी नेपाल सरकारलाइ प्रतिवेदन बुझाउने गरी कार्ययोजना बनाएको सबैमा जानकारी गरिन्छ।

आयोगले भूमि सम्वन्धि ऐन २०२१(आठौ संसोधन)बमोजिम गठित आयोगहरुले गरेका कार्यको समेत स्वामित्व ग्रहण गरी थप प्रभावकारी ढंगले कार्य गर्न आयोगको काम संग सम्वन्धित केही ऐन र नियममा भएका अस्पष्ट व्यवस्थालाइ समेत संसोधनको लागि नेपाल सरकालाइ सिफारिश गरेको अवस्थामा मिति २०८२ भदौ २३ र २४ मा भएको जेनजी आन्दोलन र त्यसपछि बनेको सरकारले आयोग नै विघटन गरेको हुदा सर्वोच्च अदालतबाट फैसला नहुदासम्म काममा अवरोध भएको, प्रतिनिधिसभा निर्वाचन आचार संहिता २०८२ लागु भएको अवस्था जस्ता विभिन्न कारणले आयोगले निर्धारण गरेको कार्ययोजना अनुरुप काम गर्न नसकेको भएपनि हालसम्म आयोगले ललितपुर महानगरपालिका र भक्तपुर

1




प्रजातान्त्रिक जनगणतन्त्र कोरियाको ठेगाना उल्लेख नगरिएको स्थानमा आधुनिक अस्त्र उद्योगको निरीक्षण गर्दै कोरियाली मजदुर पार्टीका महासचिव एवं प्रजग कोरिया राष्ट्रिय मामिला आयोगका अध्यक्ष किम जङ उन तथा कोरियाली जनसेनाका उच्च अधिकारीहरू मे १३, २०२६ का दिन ।

*तस्बिर : केसीएनए*

# पेइचिङमा ट्रम्प-सी संवाद सहकार्यसँगै द्वन्द्वको चेतावनी

पेइचिङ, १४ मे (एपी)। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र चिनियाँ राष्ट्रपति सी चिनफिङबिच बिहीबार पेइचिङमा भएको बहुप्रतीक्षित शिखर भेटवार्ता औपचारिक मित्रता, कूटनीतिक सङ्केत र गहिरिँदो रणनीतिक अविश्वासबिच सुरु भएको छ। ट्रम्पले सीसँगको सम्बन्धलाई ‘सम्मानको विषय’ भनेर प्रस्तुत गर्न खोजिरहँदा सीले भने विश्वका दुई शक्तिशाली राष्ट्रबिच सम्भावित टकरावको जोखिमबारे चेतावनी दिनुभएको छ।

“तपाईँ एक महान् नेता हुनुहुन्छ। कहिलेकाहीँ मानिसहरूले मैले यस्तो भनेको मन पराउँदैनन्, तर म सत्य कुरा नै भन्छु”, ग्रेट हल अफ द पिपुलमा आयोजित औपचारिक भेटअघि ट्रम्पले सीको खुलेर प्रशंसा गर्दै भन्नुभयो, “तपाईँसँग हुनु सम्मानको कुरा हो। तपाईँको साथी हुनु पनि सम्मानको कुरा हो।” ट्रम्पले अमेरिका र चीनबिचको सम्बन्ध अझ सुदृढ हुने विश्वाससमेत व्यक्त गर्नुभयो।

तर सीको सन्देश भने बढी सतर्क र रणनीतिक थियो। उहाँले विश्व समुदायले अमेरिका र चीन ‘थुसिडाइड्स ट्र्याप’ बाट जोगिन सक्छन् कि सक्दैनन् भनेर हेरिरहेको बताउनुभयो। विदेश नीति अध्ययनमा प्रयोग हुने उक्त अवधारणाले उदाउँदो शक्ति र स्थापित शक्तिबिच प्रतिस्पर्धा अन्ततः युद्धमा परिणत हुनसक्ने खतरा औँल्याउँछ।

सीले भन्नुभयो, “सहकार्यले दुवै पक्षलाई फाइदा पुर्‍याउँछ, जबकि द्वन्द्वले दुवैलाई हानि पुर्‍याउँछ। दुई देश प्रतिद्वन्द्वी होइन, साझेदार बन्नुपर्छ। साझा समृद्धिका लागि सहकार्य गर्दै नयाँ युगअनुसार प्रमुख राष्ट्रबिच सम्बन्धको सही बाटो तय गर्नुपर्छ।”

सीले यसअघि पनि सन् २०१४ देखि विभिन्न अवसरमा यही अवधारणा उठाउँदै आउनुभएको थियो। उहाँले ट्रम्पका पूर्ववर्ती राष्ट्रपति जो बाइडेनसँगका भेटवार्तामा समेत यो विषय दोहोर्‍याउनुभएको थियो। तर, ट्रम्पले भ्रमणलाई सकारात्मक र मैत्रीपूर्ण बनाउने प्रयास गरिरहँदा सीले फेरि यही चेतावनी दिनुलाई अर्थपूर्ण रूपमा हेरिएको छ।



पेइचिङस्थित तियानानमेन स्क्वायरमा रहेको ग्रेट हल अफ द पिपुलमा ट्रम्पको स्वागत अत्यन्त भव्य रूपमा गरिएको थियो। क्यानन सलामी, सैनिक परेड, अमेरिकी र चिनियाँ राष्ट्रिय गान तथा विशाल रातो गलैँचाबिच दुवै नेताले एकअर्कासँग हात मिलाउनुभएको थियो। स्कुलका बालबालिकाले दुवै देशका झण्डा फहराउँदै स्वागत गरेका थिए।

ट्रम्पले भ्रमणका क्रममा ‘टेम्पल अफ हेभन’ को अवलोकन गर्ने कार्यक्रम पनि रहेको छ। १५ औँ शताब्दीको उक्त धार्मिक परिसरलाई चीनमा स्वर्ग र पृथ्वीबिचको सम्बन्धको प्रतीक मानिन्छ। दुवै नेता बिहीबार राजकीय भोजमा पनि सहभागी हुने कार्यक्रम छ।

यद्यपि, भ्रमणको मुख्य केन्द्र व्यापार, इरान र विश्व अर्थतन्त्रसँग जोडिएका जटिल विषय बनेका छन्। ह्वाइट हाउसले ट्रम्प कुनै ठोस उपलब्धिविना चीन नजाने स्पष्ट पारेको छ। अमेरिकी प्रशासन चीनबाट अमेरिकी सोयाबिन, गोमांस र विमान खरिदबारे प्रतिबद्धता खोजिरहेको छ। साथै व्यापार विवाद समाधानका लागि संयुक्त व्यापार बोर्ड गठन गर्ने प्रस्तावमा पनि छलफल भइरहेको जनाइएको छ।

तर, इरानसँग चीनको निकट आर्थिक सम्बन्धले परिस्थितिलाई थप संवेदनशील बनाएको छ। इरान र इजरायलबिचको युद्ध तथा अमेरिकाको प्रत्यक्ष संलग्नताले विश्व बजारमा ऊर्जा सङ्कट निम्त्याएको छ। हर्मुज जलडमरु प्रभावकारी रूपमा बन्द हुँदा तेल र प्राकृतिक ग्यास ढुवानीमा अवरोध पुगेको छ, जसले विश्वव्यापी आर्थिक वृद्धिमा दबाब बढाएको छ।

यही पृष्ठभूमिमा ट्रम्प र सीबिच इरानमाथि चीनले कस्तो भूमिका खेल्ने भन्ने विषय महत्त्वपूर्ण बनेको छ।

तर, ट्रम्पले भने अमेरिकी अर्थतन्त्रमा परेको दबाबले इरानप्रतिको आफ्नो अडान परिवर्तन नहुने स्पष्ट पार्नुभएको छ। ह्वाइट हाउसबाट प्रस्थान गर्ने क्रममा उहाँले भन्नुभयो, “म अमेरिकीहरूको आर्थिक अवस्थाबारे सोचिरहेको छैन। म एउटा मात्र कुरामा केन्द्रित छु - इरानलाई आणविक हतियार बनाउन दिन सकिँदैन।” उहाँले हरेक अमेरिकीले यो अवस्था बुझ्ने दाबी पनि गर्नुभयो।

ट्रम्पको यही भनाइपछि उपराष्ट्रपति जेडी भान्सले भने राष्ट्रपतिका भनाइलाई फरक ढङ्गले व्याख्या गरिएको प्रतिक्रिया दिनुभयो। उहाँले ट्रम्पले अर्थतन्त्रलाई महत्त्व नदिएको अर्थ नलाग्ने दाबी गर्नुभयो।

भ्रमण टोलीमा प्रविधि, रक्षा, कृषि र वित्त क्षेत्रका उच्च अधिकारी तथा व्यवसायीहरूको ठूलो समूह सहभागी छ। यसले भ्रमण केवल राजनीतिक मात्र नभई आर्थिक र रणनीतिक महत्त्वको रहेको सङ्केत दिएको छ।

अमेरिका र चीन गत वर्ष व्यापार युद्धविराममा पुगेका थिए, जसले एकअर्कामाथि थप शुल्क लगाउने चेतावनीलाई केही समयका लागि रोकिएको थियो। ह्वाइट हाउसका अनुसार उक्त सहमति विस्तार गर्ने विषयमा अझै छलफल भइरहेको छ। तर, ट्रम्पको यो भ्रमणका क्रममा त्यसबारे कुनै ठोस घोषणा हुने वा नहुने अझै स्पष्ट भइसकेको छैन।

## विश्व सङ्क्षेप

### एकै दिनमा पाँच हजारभन्दा बढी अफगान शरणार्थी स्वदेश फिर्ता

काबुल (अफगानीस्तान), १४ मे (सिन्ह्वा)। एकै दिनमा पाँच हजार २०० जनाभन्दा बढी अफगान शरणार्थी स्वदेश फर्केको जनाइएको छ।

स्वदेश फर्केकाहरूमध्ये एक हजार १७८ जनालाई उनीहरूको गृह प्रान्तमा सारिएको जनाइएको छ। उनीहरू स्वदेश फर्कने क्रममा सिमा नाकामै आवश्यक सहायता प्राप्त गरिसकेको उल्लेख गर्दै बाँकीलाई पनि उनीहरूको आफ्नै प्रान्तमा लगिने बख्तार समाचार एजेन्सीले जनाएको छ।

एजेन्सीका अनुसार गत हप्ता करिब चार हजार जना अफगानी शरणार्थी आफ्नो देश फर्केका छन्। गत वर्षको सुरुदेखि हालसम्म २५ लाखभन्दा बढी अफगान शरणार्थीहरू आफ्नो देश फर्किएको जनाइएको छ। फर्कनेहरूमध्ये अधिकांश अफगानहरू पाकिस्तान र इरानबाट, आफ्नो मातृभूमिमा फर्केको जनाइएको छ भने यी देशहरूले कानुनबमोजिम कागजात नभएका शरणार्थीहरूलाई आफ्नो देश छोड्न आग्रह गरेका छन्।

### लेबनानमा इजरायली आक्रमण, दस जनाको मृत्यु

बेरुत (लेबनान), १४ मे (क्युएनए)। दक्षिणी लेबनानका विभिन्न क्षेत्रहरूमा भएको इजरायली हवाई आक्रमणमा परी दस जनाको मृत्यु हुनुका साथै २७ जना घाइते भएको लेबनानको जनस्वास्थ्य मन्त्रालयले घोषणा गरेको छ।

नबातीह जिल्लाको अरबसालिम सहरमा भएको इजरायली आक्रमणमा तीन जना बालबालिका र दुई जना महिलासहित छ जनाको मृत्यु भएको र अन्य १२ जना घाइते भएको मन्त्रालयले जनाएको छ। हारूफ सहरमा भएको अर्को आक्रमणमा एक जना बच्चाको मृत्यु भएको र पाँच जना घाइते भएको पनि मन्त्रालयले जनाएको छ। रौमाइन सहरमा इजरायली भएको आक्रमणमा दुई जना बालकसहित तीन जनाको मृत्यु भएको र एक जना घाइते भएको जनाइएको छ।

दक्षिणी लेबनानको जिब्किन सहरमा भएको अर्को इजरायली आक्रमणमा चारजना महिलासहित नौ जना घाइते भएको उल्लेख गरिएको छ।

गत मार्च २ देखि लेबनानमा जारी इजरायली आक्रमणबाट ज्यान गुमाउनेहरूको सङ्ख्या दुई हजार ८९६ पुगेको र आठ हजार ८२४ जना घाइते भएको लेबनानको स्वास्थ्य मन्त्रालयले घोषणा गरेको छ।

इजरायली सेनाले गत अप्रिलमा सुरु भएको युद्धविरामको उल्लङ्घन गर्दै दक्षिणी लेबनानमा आक्रमण जारी राखेको छ।

### पाकिस्तानमा झडप, १२ जनाको मृत्यु

क्वेटा (पाकिस्तान), १४ मे (एएफपी)। पाकिस्तानको दक्षिण-पश्चिमी प्रान्त बलुचिस्तानमा भएको झडपमा पाँच जना सैनिक र सात जना आतङ्कवादी गरी १२ जनाको मृत्यु भएको पाकिस्तानी अधिकारीहरूले बिहीबार बताएका छन्।

आतङ्कवादीहरूले विस्फोटक उपकरण सैनिकहरूको समूहनजिकै विस्फोट गरेपछि उनीहरूसँग झडप भएको अधिकारीहरूले बताएका छन्। एक वरिष्ठ अधिकारीलाई उद्धृत गर्दै एएफपीले झडपमा पाँच जना सैनिकहरू मारिएको र अर्का एक जना सैनिक गम्भीर घाइते भएको बताएको छ। अपरेशनको क्रममा, आतङ्ककारीहरूको एउटा समूह फेला परेपछि सेनाद्वारा आक्रमण गरिएको जनाइएको छ। गोली हानाहानका क्रममा सात जना आतङ्कवादी मारिएको सेनाको मिडिया शाखाले विज्ञप्ति जारी गर्दै जनाएको छ।

विज्ञप्तिमा प्रान्तको सबैभन्दा सक्रिय तथा उग्र पृथकतावादी समूह बलूच लिबरेसन आर्मी (बिएलए) ले आक्रमणको जिम्मेवारी लिएको बताइएको छ।

संयुक्त राज्य अमेरिकाले आतङ्कवादी सङ्गठन घोषणा गरेको उक्त समूहले आक्रमण र आत्मघाती बम विस्फोट गर्दा सैन्य प्रतिष्ठानहरू साथै प्रहरी र नागरिक प्रशासनका अधिकारीहरूलाई लक्षित गरेको बताएको छ।

हालैका वर्षहरूमा बीएलएले यस क्षेत्रमा काम गर्ने अन्य प्रान्तका पाकिस्तानीहरू साथै विदेशी ऊर्जा कम्पनीहरूमाथि आक्रमण बढाएको जनाइएको छ।

गत वर्ष यो समूहले ४५० जना यात्रु बोकेको रेलमा आक्रमण गरेपछि उनीहरूविरुद्धको अपरेसन सुरु भएको जनाइएको छ।

# एक हप्तामा लेबनानमा ५९ जना बालबालिका द्वन्द्वको मारमा : युनिसेफ

बेरुत, १४ मे (सिन्ह्वा)। युद्धविराम सम्झौताको बाबजुद गत हप्तामा मात्र लेबनानमा कम्तिमा ५९ जना बालबालिका युद्धको मारमा परेको संयुक्त राष्ट्र सङ्घीय बाल कोष (युनिसेफ) ले जनाएको छ।

लेबनानको स्वास्थ्य मन्त्रालयका अनुसार अप्रिल गत १६ र १७ को मध्यरातमा युद्धविराम लागु भएदेखि कम्तिमा २३ जना बच्चाको मृत्यु भएको छ भने ९३ घाइते भएका छन्। गत मार्च -२ देखि २०० जना बालबालिकाको मृत्यु भएको र ८०६ जना घाइते भएको उल्लेख गरिएको छ।

लेबनानको जनस्वास्थ्य आपत्कालीन सञ्चालन केन्द्र र स्थानीय मिडियाका अनुसार दक्षिणी र मध्य लेबनानमा बुधबार भएको इजरायली आक्रमणमा महिला तथा बालबालिकासहित कम्तीमा ३३ जनाको मृत्यु भएको छ।

महिनौँको डरबाट त्रसित हुँदै बालबालिकाहरू कक्षाकोठामा फर्कने, साथीहरूसँग खेल्ने क्रममा द्वन्द्वको सिकार हुनु पुगेको मध्यपूर्व र उत्तर अफ्रिकाका लागि युनिसेफका क्षेत्रीय निर्देशक एडवर्ड बेगबेडरले बताउनुभएको छ।

हिंसा रोक्ने उद्देश्यले गरिएको युद्ध विराम सम्झौताको बाबजुद पनि बालबालिकाले बारम्बार आक्रमण र आघात भोग्नुपरेको उल्लेख गर्दै उहाँले यसको परिणाम दिर्घकालीन हुनसक्ने बताउनुभएको छ।

यसैबिच युनिसेफले लेबनानमा सात लाख ७० हजारभन्दा बढी बालबालिकाहरूले हिंसा, विस्थापन र हानिको बारम्बार जोखिमका कारण बढ्दो मनोवैज्ञानिक सङ्कटको सामना गरिरहेको चेतावनी दिएको छ।

# जेन- जी आन्दोलन र निर्वाचन-२

● महेश बल्ल

'नयाँ' भनिने दलले 'नागरिक करार' सार्वजनिक गरेको छ, जसलाई सो दलको 'वाचापत्र' अर्थात् चुनावी घोषणापत्रमा समेत समावेश गरिएको छ । उक्त करारको प्राथमिकता नं. ५ मा 'विदेशमा बस्ने नेपालीहरूलाई अनलाइन मताधिकार' र 'वंशजको नागरिकताको निरन्तरता' लगायतका कुराहरू उल्लेख छ । नेपालभित्रै आफ्नो नाम रहेको निर्वाचन क्षेत्रभन्दा फरक क्षेत्रमा बसोबास गर्ने मतदाताको मताधिकार सुनिश्चित गर्न नसकिएको अवस्थामा किन र कसको स्वार्थमा यस्तो महात्त्वाकाङ्क्षी कुरा गरिएको छ ? नेपाल सरकारको सार्वभौमसत्ता नेपालको भौगोलिक सीमाभित्र मात्र सीमित रहन्छ र नेपालसँग कूटनीतिक सम्बन्ध रहेका देशहरूले ती देशहरूमा रहेका कूटनीतिक नियोगमा कूटनीतिक उन्मुक्ति प्रदान गर्छन् । विदेशी भूमिबाट नेपालको चुनावमा मतदान गर्ने हो भने के ती सबै देशमा र नेपालीहरू बसोबास गर्ने सबै ठाउँमा चुनावमा भाग लिने सबै राजनीतिक दलहरूको प्रतिनिधि राख्न सम्भव हुन्छ ? भारतमा अनलाइन भोटिङको सन्दर्भमा समय समयमा उठ्ने भोट चोरीको मुद्दा (उदाहरणको रूपमा हालै हरियाणामा कुनै ब्राजिलियन मोडेलको नाममा २२ वटा नक्कली मतदाता खडा गरी भोट हालिएको आरोप, जुन चिह्नमा भोट हाले पनि एउटै चिह्नमा जाने आरोप) आदिमा सोचविचार गरेर मात्रै यस्तो दूरगामी महत्त्वको निर्णय लिनु उपयुक्त हुन्छ । विदेशी भूमिमा नेपाल सरकारको पहुँच कम हुने भएकोले विदेशी मुलुकबाट हुने मतदानको माध्यमबाट विदेशीले चाहेको दललाई जिताउन चलखेल हुँदैन भन्न सकिन्छ ? मतपेटिकामा मतदान गर्दा त मतपेटिका नै साटिने आरोप लाग्ने गरेकोमा विद्युतीय माध्यमबाट मतदान गराउँदा मतदाताले चाहेकै चिह्नमा मतदान हुने सुनिश्चितता हुनुपर्छ । रह्यो कुरा 'वंशजको नागरिकताको निरन्तरता' को । नेपालमा नागरिकता जारी गर्दा सवारीचालक अनुमति पत्र जारी गरेजस्तो ५ वर्ष, १० वर्ष वा कुनै अवधि तोकेर सो अवधिसम्मको लागि भनेर जारी गरिँदैन । नेपालको संविधान र कानुनले कुनै व्यक्तिलाई देश निकाला गर्ने वा नागरिकता खोस्ने कल्पना गरेको पनि छैन । तर, कुनै नेपाली नागरिकले विदेशी नागरिकता ग्रहण गरिसकेपछि 'एक पटकको नेपाली सधैँको नेपाली' भन्दै नेपाली नागरिकताको निरन्तरताको माग गर्नु कुनै संस्थाको जागिर छोडेर गइसकेपछि पनि जीवनभर सो संस्थाबाट तलबभत्ता पाउनुपर्ने दाबी गर्नु वा आध्यात्मिक रूपमा भन्नु पर्दा आत्माले पुरानो शरीर त्यागेर नयाँ शरीर धारण गरिसकेपछि पुनः पुरानो शरीरमाथि दाबी गर्नुसरह अप्राकृतिक कुरा हो । कुनै व्यक्तिले विदेशी नागरिकता ग्रहण गर्छ भने सो व्यक्ति जीवित रहे पनि निजको नेपाली नागरिकता मर्छ । निजको नेपाली नागरिकसँग पारिवारिक, सामाजिक तथा सांस्कृतिक नाता सम्बन्ध बाँकी रहन्छ र सोको सुनिश्चितताको लागि गैरआवासीय नेपाली परिचयपत्र दिन, नेपाल आउँदा आगमन प्रवेशाज्ञा (On Arrival Visa) दिन सकिन्छ तर विशाल भूगोल र जनसङ्ख्या रहेका विशाल देशरूको बिचमा रहेको, अन्तर्राष्ट्रिय चलखेल हुने नेपालजस्तो देशमा हाल रहेको गैरआवासीय नेपाली नागरिकताको प्रावधान संविधान संशोधन गरी हटाउनु आवश्यक छ । 'विदेशमा बस्ने नेपालीहरूलाई अनलाइन मताधिकार' र 'वंशजको नागरिकताको निरन्तरता' लगायतका कर्णप्रिय तर घातक मुद्दा उठाई विदेशबाट नेपालमा फोन गर्न लगाई मत प्रभावित गर्नेहरूले कसको स्वार्थको लागि यी मुद्दाहरू उठाउँदै छन् ? विचारणीय छ । सामान्यतया : हलमा रिलिज भएको महिनौँ वा वर्षौंपछि युट्युबमा कुनै चलचित्र रिलिज गरिन्छ । तर चुनावको ठीक अगाडि हलबाट भर्खरै उत्रिएको 'झरी पछिको इन्द्रेणी' भन्ने चलचित्र कुनै उम्मेदवारको युट्युब च्यानलबाट किन रिलिज हुन्छ ? चुनावको ठीक अगाडि 'दिमाग खराब', 'झरी पछिको इन्द्रेणी' र 'सेन्टी भाइरस' जस्ता राजनीतिक विषयवस्तुमा आधारित चलचित्रहरू एकपछि अर्को गरी युट्युबमा रिलिज हुनुको पछाडि व्यापारिक कारण मात्रै छ कि राजनीतिक कारण पनि ? विदेशी भइसकेका व्यक्तिहरू र तिनका सन्तान समेतको नेपाली नागरिकता कायम रहने हो भने के अब भविष्यमा दाल, चामल, तरकारी आदि मात्र होइन, नेता र सरकारी कर्मचारीसमेत विदेशबाट आयात गर्ने दिन आउने त होइन ? अमेरिकामा हेनरी किसिङ्गरजस्ता कुशल कूटनीतिज्ञ किन संवैधानिक रूपमा राष्ट्रपति हुन अयोग्य भए ? भारतमा इन्दिरा गान्धीलाई किन प्रधानमन्त्री हुन दिइएन ? म्यानमारमा नोबेल पुरस्कार विजेता आङ साङ सुकीलाई निर्वाचन भएका सीटमध्ये ८२ प्रतिशत सीट जित्दा पनि राष्ट्रपति हुन दिइएन ? सन् २०१७ मा अस्ट्रेलियामा तत्कालीन उपप्रधानमन्त्री बर्नाबी जोइस र अन्य चार राजनीतिज्ञहरूलाई त्यहाँको उच्च अदालतले किन अयोग्य घोषणा गऱ्यो ? भन्ने प्रश्नमा विचार गर्दै तथा अमेरिकामा समेत जन्मको आधारमा नागरिकता दिने प्रावधानमा पुनर्विचार गर्नुपर्ने आवाज उठ्न थालेको तथ्यलाई विचार गर्दै नेपालजस्तो भूराजनीतिक रूपमा संवेदनशील ठाउँमा रहेको मुलुकमा नागरिकतासम्बन्धी प्रावधानलाई कडा बनाउनु आवश्यक छ । यसका लागि जन्मको आधारमा विगतमा सिनेमाको टिकट वितरण गरेजस्तै ३ जनाको सिफारिसमा नागरिकता वितरण गरेको तथा निजका सन्तानलाई वंशजको नागरिकता प्रदान गरिएको कुरामा पुनरावलोकन गर्दै दोहोरो नागरिकता त्यागन समय दिन र दोहोरो नागरिकता लिएको पाइएमा कठोर सजायको व्यवस्था गर्न आवश्यक छ । त्यस्तै सो वाचापत्रमा 'रूपान्तरणका लागि नीतिगत प्रस्थानका १०० आधारहरू' प्रस्तुत गरिएका छन् । ती १०० आधारहरूमध्ये आधार नं. १५ मा 'राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलहरूलाई जनमतका आधारमा सार्वजनिक कोषबाट वार्षिक अनुदान दिने व्यवस्था गर्नेछौँ । ...' भनी लेखिएको छ । के यो नीतिगत भ्रष्टाचार होइन ? चुनावमा प्राप्त मतको आधारमा 'राष्ट्रिय' र 'अराष्ट्रिय' घोषणा गरी पक्षपातपूर्ण व्यवहार गर्नु पञ्चायती सोच हो कि प्रजातान्त्रिक सोच ? कुनै दल सिद्धान्त, इतिहासमा खेलेको भूमिका, राष्ट्रिय मुद्दाहरूमा दृष्टिकोण आदिको आधारमा राष्ट्रिय वा अराष्ट्रिय हुने हो कि चुनावमा प्राप्त मतको आधारमा ?

सानोमा एउटा कथा पढेको थिएँ - The Pied Piper of Hamelin । उक्त कथामा जर्मनीको एउटा गाउँमा मुसाले दुःख दिने गरेको हुन्छ । त्यसैले मुसाबाट मुक्त पाउनको लागि The Pied Piper या Hamelin को सहयोग लिइन्छ । तर गाउँलेहरूले वाचाअनुसारको भुक्तानी नगर्दा सो गाउँका बच्चाहरू सबैलाई सो The Pied Piper of Hamelin ले बेपत्ता पार्छ । नेपालमा पनि राजनीतिक दलहरूले विदेशी शक्तिहरूसँग गरेको वाचा पूरा नगरेको वा गर्नबाट हच्किएकोले नयाँ पुस्तालाई मतिभ्रष्ट पारी (Brainwash u/L) आफ्नो स्वार्थ पूरा गर्न खोजेको हो । 'पुराना' हरूले गर्न सकेनन्, अब हामी गर्छौं भनी 'नयाँ' भनिनेहरूले भन्ने गरेको त्यो काम सम्भवत : SPP सम्झौता हो । २०७९ साल असार ६ गतेको मन्त्री परिषद्को निर्णयको बुँदा नं ११(https://giwmscdntwo.gov.np /media/pdf) मा संयुक्त राज्य अमेरिकाको State Partnership Program (SPP) अघि नबढाउने कुरा उल्लेख रहेछ । त्यसैले पुराना घोडा वा भरियाले SPP को भारी बोक्न नचाहेको वा हच्किएको कारणले नयाँ घोडा वा भरिया खोजिएको मात्रै हो । २०७९ असार ६ गतेको मन्त्री परिषद्को निर्णयको बुँदा नं ११ मा State Partnership Program (SPP) अघि नबढाउने कुरा उल्लेख हुनु र त्यसको भोलिपल्टै २०७९ साल असार ६ गते 'नयाँ' राजनीतिक दल गठन हुनु के संयोग मात्र थियो ? नेपाली सेनाका तत्कालीन प्रधानसेनापति राजेन्द्र क्षेत्रीले २०७२ साल कार्तिक १० गते अमेरिकालाई एसपीपीका लागि पत्राचार गरेको (https://hamrakura.com/news-details/126205/citizen-investment%20-trust-ads) सार्वजनिक हुनु, भदौ २४ गते सिंहदरबार, संसद् भवन, राष्ट्रपति कार्यालयलगायतका महत्त्वपूर्ण ठाउँहरूमा आगजनी हुँदा समेत नेपाली सेना लगायतका सुरक्षा निकायहरूले स्थिति नियन्त्रण गर्ने प्रयाससम्म नगर्नु र त्यसपछिका घटनाक्रमहरूले के सङ्केत गर्छ ? "त्यति धेरै सुनियोजित र राष्ट्रव्यापी विनाश अभियान अघिल्लो दिन भएका मृत्युहरूको पूर्णतया स्वतःस्फूर्त प्रतिक्रिया मात्र हुन सक्दैन ।" "त्यति छोटो समयमा यति धेरै भवनमा आगो लाग्नु सङ्गठनात्मक दक्षताबिना सम्भव हुँदैन" (एन्ड्रयू मूर एन्ड एसोसिएट्सकाका वरिष्ठ आगलागी अनुसन्धानकर्ता रिचर्ड ह्यागरको विचार), "यस प्रकारको घटनाका लागि महिनौँ नभए पनि, हप्तौँको योजना चाहिन्छ ।", "आगलागीमा संलग्न एकले 'आगो लाग्यो अब हामीले पैसा पाउँछौँ' भनेर बोलेको गरेको छिमेकीहरूले बताए" लगायत न्युयोर्क टाइम्सको रिपोर्ट (https://www.onlinekhabar.com/2025/10/1781388/new-york-times-on-genji-arson-evidence-suggests-otherwise) मा उल्लेख गरिएका कुराहरूले भदौ २४ को विध्वंस भदौ २३ को घटनाको प्रतिक्रिया मात्र नभई योजनाबद्ध षड्यन्त्र भएको पुष्टि हुन्छ ।

अब प्रश्न उठ्छ नेपाली मतदाताले किन सजिलै मत परिवर्तन गरे त ? यसको लागि पुराना नेताहरूमा रहेको सामन्ती प्रवृत्ति जिम्मेवार छ । "जुन ठाउँमा हाम्रो मेयर छैन, त्यहाँ हामी किन पैसा पठाउँछौँ ?" भनी एक नेतृले भन्नु, आफ्नो पार्टी जित्दा केही नगर्ने अनि अरु जितेपछि तत्कालीन प्रधानमन्त्रीले "धरानको खानेपानीको समस्या समाधान गर्न समाधान गर्न सङ्घीय बजेट नै चाहिएला नि ? के गर्नु त्यतिबेला बुद्धि पुऱ्याउनु भएन" भन्नुले ती नेताहरूमा रहेको सामन्ती चिन्तन प्रस्ट हुन्छ । पार्टीको चुनाव चिह्नप्रति निष्ठावान् मतदाताहरूलाई विगतमा अपवित्र, अराजनीतिक, सिद्धान्तहीन चुनावी गठबन्धन गरी फरक चुनाव चिह्नमा मतदान गर्न बाध्य पारिएको कारणले पनि आज चुनाव चिह्नप्रति लगाव नरहेको हुन सक्छ । आखिर जाँडरक्सी नखाने कुनै सोझो बाहुनलाई पुरोहितले नै आफ्नो स्वार्थको लागि जाँडरक्सी खान मिल्छ भनेपछि उसले भोड्का, रम, वाइन, अफिम, गाँजा सबै खान थाल्नु कुनै नौलो कुरा भएन ।

भ्रष्टाचार, चुनावको मुखमा रिलिज गरिएका राजनीतिक विषयवस्तु भएका चलचित्र, गम्भीर सैद्धान्तिक विषयमा मतदाताको अरुचि, सामाजिक सञ्चालमा पाइने छोटा प्रोपागाण्डा सामग्री, सामाजिक सञ्जालको अल्गोरिदम, बुस्टिङ, बुलिङ, चर्चित व्यक्तिहरूको प्रभाव आदिको कारणले मत परिवर्तन भएको मानिन्छ । तर, यो मत परिवर्तन 'तावाको माछा भुङ्ग्रोमा' भनेझैं हुने त होइन ? चुनावको अन्तिम परिणाम सार्वजनिक हुनुअगावै "बिजुलीको स्वीच थिचेजस्तो गरी परिवर्तन सम्भव हुँदैन" भनेर नेपाली जनताको परिवर्तनप्रतिको चाहनाको टाउकोमा चिसो पानी खन्याइसकेको छ ।

भनिन्छ -परिवर्तनबाहेक केही पनि स्थायी छैन (Nothing is Permanent except Change) । हामी सबै परिवर्तनको पक्षपाती नै हौँ । तर हामीले खोजेको परिवर्तन कस्तो हो ? हिँड्दै गरेको मान्छेको खुट्टा भाँचिदिएमा ऊ बैशाखी टेकेर हिँड्न थाल्छ । यो पनि त परिवर्तन नै हो । कुनै व्यक्तिको आँखा गुमेमा ऊ सेतो छडी लिएर, कालो चस्मा लगाएर हिँड्न थाल्छ । यो पनि त परिवर्तन नै हो । कुनै व्यक्तिको जागिर गुमेमा ऊ नयाँ जागिर खोज्न हिँड्छ । यो पनि त परिवर्तन नै हो । के हामीले खोजेको परिवर्तन यस्तै हो ? के परिवर्तनको नाममा खुट्टाको सट्टा टाउकोले टेकेर हिँड्ने र मुखको सट्टा अन्तैबाट खाने हो ? के नयाँ कुरा चाख्ने भन्दैमा विष पिई हेर्ने वा घाँटीमा पासो लगाई हेर्ने कुरा उचित हो ? के सबै कुरा आफैँले अनुभव गर्नु आवश्यक छ ? अरुको अनुभवबाट सिक्नु हुँदैन ? सिक्किम, फिजी, युक्रेन, आजका मध्यपूर्वी राष्ट्रहरूसँग सिक्नको लागि इतिहास र सन्दर्भ सामग्री (Reference) थिएन होला । तर हामीले इतिहासबाट नसिक्नु सुधार्नै नसकिने भूल हुनेछ ।

**भूलसुधार**

*(वैशाख ३१ गते यस 'मजदुर' दैनिकको यस पेजमा महेश बल्लले रच्नुभएको 'जेन-जी आन्दोलन र निर्वाचन' शीर्षकको लेखमा 'वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारीकी छोरी' हुनुपर्नेमा अन्यथा हुन गएकोले भूलसुधार गरिएको छ । -सं.)*

# जलवायु परिवर्तनको प्रभावले यार्सागुम्बा उत्पादन घट्दै

- **नवीन लामिछाने**

मनाङ, ३१ वैशाख । विगतमा हिमाली जिल्लाका बासिन्दाका लागि यार्सागुम्बा 'सुन फल्ने जडीबुटी' रूपमा लिइन्थ्यो । वैशाख-असार पहिलो सातासम्म हजारौँ मानिस उच्च हिमाली क्षेत्रमा पुग्ने र केही हप्ता खर्कमा पुगेर यार्सागुम्बा सङ्कलन गरी वर्षभरि घर खर्च चलाउने माध्यमको रूपमा पहिचान गरिएको थियो । तर, पछिल्ला वर्षका तथ्याङ्कले यार्सागुम्बाबाट हुने आम्दानी लगातार घट्दो क्रममा हुँदा हजारौँ हिमाली नागरिकको आयआर्जन र जीविकोपार्जनमा प्रत्यक्ष असर पर्न थालेको छ ।

विकट क्षेत्र मनाङ औषधीय कच्चापदार्थको उत्पादनको केन्द्र हो । औषधीय जडिबुटी उत्पादनमा आत्मनिर्भर मानिन्छ । आम्दानीको प्रमुख स्रोतको रूपमा रहेको औषधीय जडिबुटी केही वर्षयता घट्दो क्रममा छ । मुख्य आयस्रोतमा प्रभाव पर्दा यहाँका स्थानीयमा चिन्तामा छन् । पहिले प्रशस्त पाइने हिमाली क्षेत्रमा अहिले यार्सागुम्बा दुर्लभ बन्दै गएको स्थानीयवासी बताउँछन् । तापक्रम बढ्दै जाँदा हिमाली भूभागको चिसोपन घटेको छ, जसले यार्सागुम्बाको वृद्धि र विकासमा प्रत्यक्ष असर पुऱ्याएको छ । करिब पाँच वर्षको तथ्याङ्कका आधारमा वार्षिक रूपमा यार्सागुम्बा उत्पादन तथा सङ्कलन कार्य घटेको पाइएको अन्नपूर्ण संरक्षण क्षेत्र एकाई (एक्याप) कार्यालय मनाङले जनाएको छ ।

विगतको तुलनामा यार्सागुम्बाको उत्पादन घटेको एक्यापको तथ्याङ्कले प्रष्ट पारेको छ । एक्यापका अनुसार आर्थिक वर्ष २०७७/७८ मा ४० दशमलव पाँच किलोग्राम सङ्कलन गरिएको छ भने यार्सागुम्बा बिक्रीबाट रु.१२ लाख १५ हजार राजश्व सङ्कलन भएको छ । यार्सा सङ्कलनकले मूल्य अभिवृद्धि कर (भ्याट) रु.एक लाख ५७ हजार ९५० तिरेका छन् । पालिकालाई १० प्रतिशतका दरले रु.छ लाख सात हजार ५०० पालिकालाई दस्तुर बुझाउनुपर्ने प्रावधान छ भने १० प्रतिशतकै दरले रु.चार लाख पाँच हजार संरक्षण क्षेत्र व्यवस्थापन समिति (सिएएमए)लाई दस्तुर बुझाउने गरिएको छ ।

आव २०७८/७९ मा १०७ दशमलव ०५२ किलो बिक्री गरी रु.३२ लाख ६१ हजार ८४० राजश्व सङ्कलन भएको छ । यस आवमा मात्रै रु.तीन लाख ६७ हजार ६६१ भ्याट तिरेको छ । पालिका र संरक्षण क्षेत्र व्यवस्थापन समितिलाई रु.१० लाख ७० हजार ५२० दस्तुर बुझाएको छ । आव २०७९/८० मा ८२ दशमलव दुई किलोग्राम यार्सागुम्बा बिक्री गर्दा रु.२५ लाख ४८ हजार २०० राजश्व सङ्कलन भएको एक्यापले जनाएको छ ।

एक्यापका अनुसार पालिका र संरक्षण क्षेत्र व्यवस्थापन समितिलाई यार्सा सङ्कलनवापत रु.आठ लाख ३४ हजार ५०० दस्तुर बुझाइएको छ । यस आवबाट दोहोरो भ्याट तिर्नुपर्ने बाध्यतालाई ध्यान दिदै भ्याट बुझाउनुपर्ने प्रावधान हटाइएको एक्यापका प्रमुख ढकबहादुर भुजेलले जानकारी दिनुभयो । आव २०८०/८१ मा ७२ दशमलव ५४२ किलोग्राम यार्सागुम्बा बिक्रीबाट रु.२२ लाख ४८ हजार ९०२ आम्दानी भएको छ । पालिका र संरक्षण क्षेत्र व्यवस्थापन समितिलाई रु.सात लाख २५ हजार ४५० दस्तुरवापतको रकम बुझाइएको छ ।

आव २०८१/८२ मा ५१ दशमलव ८६३ किलोग्राम यार्सा बिक्रीबाट रु.१५ लाख ९८ हजार ३६० आम्दानी भएको छ । पालिकालाई रु.पाँच लाख २४ हजार ९०० र संरक्षण क्षेत्र व्यवस्थापन समितिलाई रु.पाँच लाख १९ हजार ९०० दस्तुर तिरेको छ । आव २०८२/८३ फागुनसम्ममा ४७ दशमलव आठ किलो यार्सा बिक्रीबाट रु.१४ लाख ८१ हजार ८०० राजश्व सङ्कलन भएको छ । पालिका र संरक्षण क्षेत्र व्यवस्थापन समितिलाई रु.चार लाख ७८ हजार दस्तुर बुझाएको छ ।

आव २०७७/७८ देखि २०८२/०८३ (फागुनसम्म) को तथ्याङ्क अनुसार यार्सागुम्बा सङ्कलन र बिक्रीबाट प्राप्त राजस्वमा उल्लेखनीय गिरावट आएको छ । आव २०७८/७९ मा सबैभन्दा धेरै १०७.०५२ किलो यार्सागुम्बा सङ्कलन हुँदा रु.३२ लाख ६१ हजार ८४० राजस्व सङ्कलन भएको थियो । तर, त्यसपछि प्रत्येक वर्ष यार्सा सङ्कलन मात्रा र आम्दानी दुवै घट्दै गएको देखिन्छ । आव २०८२/०८३ को फागुनसम्म आइपुग्दा सङ्कलनको मात्रा ४७ दशमलव आठ किलोमा झरेको छ भने राजस्व रु.१४ लाख ८१ हजार ८०० सीमित भएको छ । तथ्याङ्कका अनुसार पाँच वर्षमा कुल ४०१.९५७ किलो यार्सागुम्बाबाट रु.एक करोड २३ लाख ५४ हजार १०२ राजस्व सङ्कलन भएको छ ।

**राजस्वमा गिरावट**

यार्सागुम्बाबाट स्थानीय तह र संरक्षण क्षेत्रले दस्तुरमार्फत राजश्व उठाउने गरेका छन् । पाँच वर्षको तथ्याङ्कअनुसार रोयल्टी र दस्तुरबाट प्राप्त रकम पनि घट्दो क्रममा छ ।

आव २०७८/७९ मा मात्रै ग्रामीण पालिका तथा संरक्षण व्यवस्थापन समितिले १०-१० लाख रूपैयाँभन्दा बढी दस्तुर सङ्कलन गरेका छन् । तर, अहिले त्यो रकम आधाभन्दा कम भएको छ । यसले स्थानीय सरकारको विकास बजेटमा समेत असर पारेको छ । हिमाली क्षेत्रका धेरै पालिकाले सडक, शिक्षा र स्वास्थ्य कार्यक्रम सञ्चालन गर्न यार्सागुम्बा राजश्वमा निर्भर छ ।

यार्सागुम्बाबाट जीविकोपार्जन

हिमाली क्षेत्रका स्थानीयले यार्सागुम्बा सङ्कलनलाई मौसमी आयको रूपमा लिन्छन् । यहाँको प्रमुख मौसमी आम्दानीको स्रोत यार्सागुम्बा हो । यहाँका स्थानीयवासीले यार्सागुम्बा सङ्कलन र बिक्री जीविकोपार्जनको स्रोतको रूपमा उपयोग गर्दै आएका छन् । विशेष गरी मनाङलगायत डोल्पा, मुगु, मुस्ताङ, रुकुम पूर्व, गोर्खा र म्याग्दीका उच्च भेगका परिवारले यार्सागुम्बा बिक्री गरी जीविकोपार्जनका लागि आयस्रोतको रूपमा प्रयोग गर्दछन् ।

यस क्षेत्रका मानिसले शिक्षा, स्वास्थ्य र दैनिकी चलाउन यसबाट आएको आम्दानीबाट खर्च चलाउँदै आएका छन् । तर, उत्पादन घटेसँगै स्थानीयको आर्थिक अवस्था प्रभावित हुन थालेको छ । पहिले एक सिजनमा लाखौँ आम्दानी गर्ने परिवार अहिले ऋण लिएर दैनिक खर्च धान्न बाध्य भएको स्थानीय जनप्रतिनिधिको भनाइ छ । यार्सागुम्बा संरक्षणका लागि वातावरण संरक्षण, दिगो सङ्कलन प्रणाली र जलवायु परिवर्तन न्यूनीकरणका उपाय तत्काल लागू गर्न आवश्यक छ । प्राकृतिक सम्पदाको संरक्षण भए मात्र हिमाली जनजीवन र अर्थतन्त्र सुरक्षित रहन सक्छ ।

**जलवायु परिवर्तनको असर**

असामान्य तापक्रम वृद्धि, हिमपातमा कमी, वर्षाको अनियमितता तथा वातावरणीय सन्तुलन बिग्रिनुले यार्सागुम्बा उम्रिने प्राकृतिक चक्र प्रभावित भएको हो । स्थानीय यार्सा सङ्कलकका अनुसार हिमाली क्षेत्रमा हिउँ कम पर्नु, तापक्रम बढ्नु र चरन क्षेत्र सुक्दै जाँदा यार्सागुम्बा उत्पादनमा असर परेको छ । पहिला केही घण्टामै दर्जनौँ यार्सा भेटिन्थ्यो भने अहिले दिनभर खोज्दा पनि मुस्किलले तीन/चार वटा मात्रै भेटिने गरेको स्थानीय राज गुरुङ बताउनुहुन्छ ।

"पहिला जस्तो यार्सा खोज्न सजिलो छैन । पहिला प्रशस्त भेटिन्थे । अहिले घण्टौँपछि १/२ वटा मात्रै पाइन्छ", उहाँ भन्नुहुन्छ, "हिउँ नै पर्दैन अनि पानीको कमीले होला नि यस्तो भएको । अर्को वर्ष बढ्ला भन्यो झन् कम पो भेटिन्छ ।" यार्सागुम्बा उत्पादन घट्नुका कारण विज्ञहरूले जलवायु परिवर्तनलाई मुख्य कारण मानिरहेका छन् । यार्सागुम्बा चिसो र आद्र वातावरणमा उम्रने भएकाले तापक्रम वृद्धिले यसको प्राकृतिक चक्र प्रभावित भएको एक्यापका प्रमुख भुजेलले बताउनुभयो ।

**संरक्षणमा चुनौती**

विशेषज्ञका अनुसार अनियन्त्रित सङ्कलन, अत्यधिक भीड र चरिचरन व्यवस्थापनको अभावले पनि यार्सागुम्बा सङ्कटमा परेका छन् । सङ्कलन क्षेत्र व्यवस्थापन, निश्चित कोटा प्रणाली र वातावरण संरक्षणका कार्यक्रम प्रभावकारी रूपमा लागू नगरे भविष्यमा यार्सागुम्बा दुर्लभ हुनसक्ने चेतावनी दिइसकेका छन् । यस क्षेत्रमा भिरमा गएर यार्सागुम्बा सङ्कलन गर्न सङ्कलनकर्ता भेटिन मुस्किल भएको स्थानीय बताउँछन् ।

मनाङमा यार्सागुम्बा सङ्कलनका लागि स्थानीयका कमी भएसँगै डोल्पा, गोर्खा, धादिङलगायतका क्षेत्रबाट सङ्कलनकर्ता आउने गरेका छन् भने हाल कम हुँदै गएको स्थानीयको भनाइ छ । हिमाली भेगका बासिन्दाका लागि यार्सागुम्बा केबल जडीबुटी होइन, जीवन धान्ने आधार हो । तर, घट्दो उत्पादन र आम्दानीले अब यसको आधार कमजोर बन्दै गएको देखिन्छ । यार्सागुम्बा उत्पादन घट्दा हिमाली समुदायको आर्थिक अवस्था कमजोर बन्दै गएको छ । धेरै परिवारको मुख्य आम्दानीको स्रोत नै प्रभावित भएकाले वैकल्पिक रोजगारीको आवश्यकता बढेको छ । ***(रासस)***

**जाँचबुझ...**

अगाडि ४०००/५००० को सङ्ख्यामा प्रदर्शनकारीहरूले प्रहरी वृत्तको चारै तर्फबाट घेरा हाली ढुङ्गामुढा, इँटा, पेट्रोल बम हानिरहेका थिए । बाटोमा र प्रहरी कार्यालयमा भएको आगजनीबाट चारैतर्फ धुवाँको मुस्लो निस्किएको थियो । बालाजु स्वयम्भु तर्फबाट मोटरसाइकल तथा मिनीभ्यानहरूमा हातहतियारसहित प्रदर्शनकारीहरूले सबै प्रहरीलाई मार्नुपर्छ भनी नाराबाजी गर्न थाले ।

मसमेतको प्रहरी टोलीलाई बाटोमा चारैतर्फबाट ढुङ्गामुढा भएको थियो । हामीहरूले पटक-पटक थप मद्दत माग्दासमेत आफू सुरक्षित रहनु, अन्य सुरक्षा निकायहरूबाट थप मद्दत आउन सक्दैन भनी जानकारी पाएका थियौं । राति ७:३० बजेको समयमा १०० भन्दा बढी मोटरसाइकल र सशस्त्र प्रहरीको ट्रकमा चढी आएका प्रदर्शनकारीहरूले गेटमा रहेको ट्रक ठोक्काइ गेट भत्काउने प्रयास गर्दा हामीहरूले अश्रुग्यास तथा लाठीचार्ज गरी रोकेका हौं । प्राय: गरी लागूपदार्थ सेवनकर्ता, कलङ्की बल्खु क्षेत्रमा यातायात काउन्टरमा काम गर्ने, भरियाको रूपमा काम गर्ने व्यक्तिहरू, सुकुमवासी बस्तीका व्यक्तिहरू, कवाडीमा काम गर्ने भारतीय मूलका व्यक्तिहरू र प्रहरी हिरासतबाट भागेका थुनुवाहरू हुन सक्ने अनुमान गरेको छु । यस कार्यालयबाट सर्टगन र गोलीहरू लुटिएको थियो । सर्टगन पछि फेला पारिसकिएको छ । गोलीहरू भने हालसम्म फेला परेको छैन ।

**नेपाल प्रहरी हेल्थ क्लव भृकुटीमण्डप, काठमाडौंमा कार्यरत प्रमुख प्रहरी निरीक्षक नेत्रप्रसाद पौडेल**

भदौ २३ गते थप मद्दतको लागि संसद् भवनतर्फ जाँदा बाटोमा भिडभाड भएको र संसद भवनमा करिब ११:३० बजेको समयमा पूरै प्रदर्शनकारीहरूले चारैतिरबाट संसद् भवन घेराउ गरेर ढुङ्गामुढासमेत गरेका थिए । नेपाल आर्मीको टोली संसद भवनतर्फ सुरक्षा दिन आउँदै गर्दा बाटोमा नै प्रदर्शनकारीहरूले रोकिरहेको भन्ने सञ्चार सेटमा आएको थियो । अन्दाजी १५:०० बजेको समयमा भीडलाई नियन्त्रण दिन भनी स्थानीय प्रशासन ऐन, २०२८ अनुसार प्रमुख जिल्ला अधिकारी र भिक्टोरसँगै रहेर सञ्चार सेटबाट घुँडामुनि गोली चलाउने स्पष्ट आदेश दिइएको सञ्चार सेटमार्फत सुनिएको थाहा पाएँ । अन्दाजी २०:०० बजे थप मद्दतको लागि भनेर फेरि बानेश्वर वृत्तमा खटाइएको हुँदा स्थिति सामान्य नभएसम्म त्यही रहने आदेश भएकोले त्यही बसेको र करिब २१:४५ बजेको समयमा हाम्रो टोलीलाई नक्साल फिर्ता बोलाएको थियो ।

भदौ २४ गते प्रदर्शनकारीहरू हो–हल्ला गर्दै रानीपोखरीबाट मेट्रोको कार्यालय सिंहदरबार आसपासमा समेत रहेको र सरकारी कार्यालयहरू तोडफोड तथा आगजनी भइरहेको देखेर नेपाल पुलिस हेल्थ क्लव भृकुटीमण्डपमा पनि तोडफोड आगजनी हुन सक्ने सम्भावना भएको हुँदा सुरक्षाको हिसाबले पुलिस हेल्थ क्लवको पेरिमिटरमा रहेको मूल गेटसमेत बन्द गरी हेल्थ क्लव र गेस्टबाट दिने सुविधा बन्द गरिएको थियो ।

## बीपी राजमार्ग तथा हिल्सा-सिमकोट सडकखण्ड बन्द

काठमाडौँ, ३१ वैशाख । सम्भावित बाढी तथा सडक निर्माण कार्यका कारण काभ्रेपलाञ्चोक-सिन्धुलीस्थित बिपी राजमार्ग र हुम्लाको हिल्सा-सिमकोट सडक खण्डमा सवारी आवागमन बन्द गरिएको छ ।

प्रहरी प्रधानकार्यालयले बिहीबार सूचना जारी गर्दै काभ्रेपलाञ्चोकको खुर्कोट-नेपालथोक-कटुन्जेबेँसी हुँदै सिन्धुली चल्ने बिपी राजमार्गमा सम्भावित बाढीको जोखिमलाई मध्यनजर गर्दै सवारी सञ्चालनमा रोक लगाइएको जनाएको छ । प्रहरीका अनुसार मिति २०८३ वैशाख २१ गते साँझ ५:०० बजेदेखि बिहान ५:०० बजेसम्म उक्त सडकखण्डमा चल्ने सम्पूर्ण सवारीसाधन अर्को आदेश नभएसम्मका लागि बन्द गरिएको हो ।

यसैगरी, हुम्लाको नाम्खा गाउँपालिका-२ च्यादुक क्षेत्रमा सडक विस्तारको काम भइरहेका कारण हिल्सा-सिमकोट सडक खण्डमा पनि आवागमन बन्द गरिएको छ । च्यादुक होटलदेखि च्याछरासम्म सडक खन्ने क्रममा माथिबाट ढुङ्गा र माटो खस्ने जोखिम बढेकाले यही वैशाख २९ गतेदेखि जेठ २ गतेसम्म उक्त सडकखण्डमा यातायात सञ्चालन रोकिएको प्रहरीले जनाएको छ । *(रासस)*


# माध्यमिक (कक्षा ११-१२) स्तरीय

**संयुक्त परीक्षा समिति, भक्तपुर**

**स्थापित २०६१**

## परीक्षा समितिका सदस्य विद्यालयहरूमा शैक्षिक सत्र २०८३ को लागि कक्षा ११ को भर्ना कार्यक्रम

१. फाराम वितरण : **२०८३ वैशाख ३० गते**, बुधबारदेखि (सम्बन्धित सबै माविहरूबाट)

२. फाराममा संलग्न हुनुपर्ने : हालसालै खिचेको पासपोर्ट साइजको रङ्गीन फोटो २ प्रति, एस.ई.ई.को ग्रेडसीट (हाललाई इन्टरनेटबाट डाउनलोड गरेको) र चारित्रिक प्रमाणपत्रको फोटोकपी १/१ प्रति

३. फारम बुझाउने अन्तिम मिति : **२०८३ जेठ ८ गते**, शुक्रबार, साँझ ५ बजेसम्म

४. प्रवेश परीक्षा मिति तथा समय : **२०८३ जेठ ९ गते**, शनिबार (बिहान ७:०० बजेदेखि ८:३० बजेसम्म)
**(आवश्यकताअनुसार थप प्रवेश परीक्षा लिन सकिनेछ ।)**

५. प्रवेश परीक्षा केन्द्र : आवेदन फाराम बुझाएको विद्यालयमा नै परीक्षा केन्द्र कायम गरिनेछ ।

६. परीक्षा दिनुपर्ने विषयहरू
अ) विज्ञान/प्राविधिक समूह : अङ्ग्रेजी, गणित, विज्ञान
आ) व्यवस्थापन समूह : अङ्ग्रेजी, सामाजिक अध्ययन, लेखा
इ) मानविकी/शिक्षा/कानुन समूह : अङ्ग्रेजी, नेपाली, सामाजिक अध्ययन

७. प्रवेश परीक्षाको नतिजा प्रकाशन : **२०८३ जेठ ११ गते**, सोमबार, बिहान १०:०० बजे (सम्बन्धित माविहरूमा)

८. अन्तर्वार्ता : लिखित परीक्षामा उत्तीर्ण परीक्षार्थीहरूको अन्तर्वार्ता **२०८३ जेठ १२ गते**, मङ्गलबार बिहान ७ बजेदेखि सम्बन्धित माविहरूमा सञ्चालन हुनेछ ।

९. भर्ना हुने अन्तिम मिति : **२०८३ जेठ २२ गते**, शुक्रबार

१०. कक्षा सञ्चालन : **२०८३ जेठ २८ गते**, बिहीबार

११. शुल्क विवरण :
अ) आवेदन फाराम रु.२५।- तथा प्रवेश परीक्षा शुल्क रु.१००।-
आ) शैक्षिक वर्ष २०८३ मा भर्ना हुने विद्यार्थीहरूको लागि शुल्क संरचना सबै माविहरूका लागि गत शैक्षिक सत्रकै हुनेछ ।

- कम्प्युटर शुल्क, होटल म्यानेजमेन्ट शुल्क, OJT शुल्क सम्बन्धित विद्यालयले निर्धारण गरेबमोजिम हुनेछ ।
- गरीब तथा जेहनदार विद्यार्थीहरूलाई उचित छात्रवृत्ति दिइनेछ ।

### सदस्य विद्यालयहरू

वागीश्वरी मावि, च्याम्हासिंह — ६६१४३९१, ६६१०२७०, ६६१३०४१
बासु मावि, कालीघाट — ६६१५२५७, ६६१९०१४, ६६२०३००
आदर्श आजाद मावि, परदेशी भीमसेनस्थान — ६६१०५८०
देवी मावि, ताथली — ५९२५८३३
दोलागिरि मावि, चाँगु — ५१४१२२०
जोरपाटी मावि, जोरपाटी — ६५४०१५४
विद्यार्थी निकेतन मावि, दरबार स्क्वायर — ६६१०३८६



## सिद्धि गणेश कर्नर

हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

### साकोस व्यवस्थापन तालिममा सहभागी होऔं।

यस संस्थाद्वारा आयोजना हुने **दुईदिने साकोस व्यवस्थापन तालिममा** सहभागी हुन इच्छुक सदस्यहरूलाई **२०८३ जेठ १३ गतेभित्र नाम दर्ता** गर्न सूचित गराइन्छ ।

रु दर्ता शुल्क रू.400

**तालिम मिति**
**२०८३ जेठ १५ र १६ गते**
**दिनको १० बजेदेखि ४ बजेसम्म**

**स्थान : सिद्धि गणेश तालिम हल, खँचा**

व्यवस्थापक

(नोट: संस्थाको निर्वाचन निर्देशिका-२०७५ को नियम ३.३ अनुसार निर्वाचनमा सञ्चालक/लेखा सुपरिवेक्षण समितिको पदमा उम्मेदवारी दिने योग्यताका रूपमा यस तालिमलाई मान्यता दिइनेछ ।)

### जानकारी एवं छलपल कार्यक्रमसम्बन्धी सूचना

यस उपसमितिको आयोजनामा देहायका मिति, समय र स्थानमा हुने संस्थाका ऋणी र सदस्यहरूलाई हालको वित्तीय बजारमा सहकारीको अवस्थाबारे र सम्पत्ति शुद्धीकरणसम्बन्धी **जानकारी एवं छलफल कार्यक्रम**मा सहभागी हुन सम्पूर्ण सदस्यहरूलाई सूचित गराइन्छ ।

**कार्यक्रम मिति**
**२०८३ जेठ १० गते, आइतबार**
**बिहान ८:३० बजेदेखि**

**स्थान : सिद्धि गणेश तालिम हल, खँचा**

ऋण उपसमिति

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**


भ.न.पा.-७, चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com

ACCESS BRONZE



## हार्दिक समवेदना

जन्म १९८८/१०/१६



निधन २०८३/०१/२६

हाम्रा हितैषी तथा सहयोगी मित्रहरू बुद्धिसागर प्रजापति र ज्ञानसागर प्रजापतिका पूजनीय पिता तथा महालक्ष्मी प्रजापति र विष्णुलक्ष्मी प्रजापतिका ससूराबा **न्हुछेराम प्रजापति**को दु:खद निधन भएको आज सातौं दिन ( न्हेनुमा) को पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली तथा शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गगर्दछौं ।

**मित्रहरू**

| | |
|---|---|
| पुरुषोत्तम प्रजापति | न्हुछेलक्ष्मी प्रजापति |
| जितबहादुर खयरगोली | रामकेशरी खयरगोली |
| पुण्यराम गोसाई | केशरीमैयाँ गोसाई |
| विष्णुगोपाल कुसी | कान्छीबेटी कुसी |



### धूम्रपान त्यागौं, स्वस्थ जीवनशैली अपनाऔं ।

❖ धूम्रपानले क्यान्सर, मुटु रोग र श्वासप्रश्वाससम्बन्धी समस्या निम्त्याउँछ,
❖ धूम्रपान स्वास्थ्यका लागि हानिकारक छ,
त्यसैले,
❖ सार्वजनिक स्थानमा धूम्रपान नगरौं,
❖ किशोर-किशोरीहरूलाई धूम्रपानबाट टाढा राखौं,
❖ धूम्रपानको लतबाट मुक्त हुन आवश्यक परामर्श र सहयोग लिऔं,
❖ धूम्रपान नगर्ने वातावरण सिर्जना गरौं,
❖ आफ्नो र परिवारको स्वास्थ्यको रक्षा गरौं,
❖ धूम्रपान त्याग्ने संकल्प गरौं,
❖ धूम्रपान विरुद्ध जनचेतना फैलाऔं र स्वस्थ समाज निर्माण गरौं।


स्वस्थ जीवन, उन्नत भविष्यको आधार।

नेपाल सरकार
विज्ञापन बोर्ड



## हार्दिक समवेदना

जन्म १९८८।१०।१६



निधन २०८३।०१।२६

यस समितिका सदस्य ज्ञानसागर प्रजापतिका पूजनीय पिता **न्हुछेराम प्रजापति**को दु:खद निधन भएको आज सातौं (न्हेनुमा)को दिन मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।


**नेपाल मजदुर किसान पार्टी**

**भ.न.पा. ९ वडा समिति**, भक्तपुर



## हार्दिक श्रद्धाञ्जली

जन्म १९८८/१०/१६ गते



निधन २०८३/०१/२६ गते

स्व. न्हुछेराम प्रजापति

यस वागीश्वरी मावि, वागीश्वरी कलेज र वागीश्वरी कलेज अफ म्यानेजमेन्ट व्यवस्थापन समितिका सदस्य ज्ञानसागर प्रजापतिका पूजनीय बुबा, Self Assessment Team का संयोजक विनोद प्रजापतिका हजुरबुबा, शिक्षिका अविना श्रेष्ठ तथा प्रयोगशाला सहायक प्रमिला प्रजापतिकी ससुराबाजे न्हुछेराम प्रजापतिको असामयिक निधन भएकोमा दिवङ्गतप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**वागीश्वरी माध्यमिक विद्यालय**
**वागीश्वरी कलेज**
**वागीश्वरी कलेज अफ म्यानेजमेन्ट**
तौलाछें, भक्तपुर-९



प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा